खण्ड ४ : नरैनापुर गाउँपालिकाको वस्तुस्थिति

४.१ संक्षिप्त परिचय





नक्सा नं. ज्ञ : गाउँपालिकाको वस्तुगत अवस्थित

नरैनापुर गाउँपालिका नेपालको ५ नं प्रदेश अन्तर्गत बाँके जिल्लामा रहेको छ। नरैनापुर गाउँपालिकाको स्थापना साविकका कटकुइया, लक्ष्मणपुर, कालाफाँटा, नरैनापुर, मटेहिया र गंगापुर गा.वि.स. समावेश गरी भएको हो। यस गाउँपालिकामा हाल ६ वटा वडाहरू कायम गरिएको छ। नरैनापुर गाउँपालिकाको पूर्वमा राप्ती सोनारी गाउँपालिका र भारत, पश्चिममा डुडुवा गाउँपालिका र भारत, उत्तरमा राप्तीसोनारी गाउँपालिका र दक्षिणमा भारत पर्दछन्।

बाँके जिल्लामा नयाँ गठन भएका गाउँपालिका तथा नगरपालिकाहरूमा विकासको सम्भावना बोकेको गाउँपालिकाको रूपमा नरैनापुर गाउँपालिका रहेको छ। यस गाउँपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरूको बसोबास रहेको छ। राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार सबैभन्दा बढी मुसलमान जाति १५,७७७ जना (४५.१५ प्रतिशत), दोस्रोमा यादव ५,५९५ (१६.०१ प्रतिशत) र तेस्रोमा चमार/हरिजन/राम १,३०३ (३.७३ प्रतिशत) रहेका छन्। तराई र चुरे क्षेत्रको सङ्गममा रहेको यस गाउँपालिकामा कृषि, व्यापार, प्राकृतिक स्रोत तथा सामाजिक महत्वका क्षेत्रहरू रहेका छन्। औसत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अन्य मुख्य स्रोत व्यापार, उद्योग, साथै विकल्पमा नोकरी साथै वैदेशिक रोजगारी पनि एक हो। परम्परागत प्रणालीको कृषि ब्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा क्रमश आधुनिक जीवनशैलीमा रमाउन थालेका छन्। स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम बढिरहेको छ। यस गाउँपालिकामा आधारभूत तहदेखि माध्यमिक तहसम्मको शिक्षा प्रदान गर्ने सामुदायिक विद्यालय जम्मा २१ वटा र मदरसा जम्मा १६ वटा गरी जम्मा ३७ शैक्षिक संस्थाहरू रहेका छन्। अध्ययनका लागि यस गाउँपालिकाका शैक्षिक संस्थाहरूमा स्थानीय विद्यार्थीका अलावा अन्य छिमेकी गाउँपालिकाबाट समेत आउने गरेका छन्। अधिकांश घरमा विद्युतीकरण नभएकोले यहाँका नागरिक विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन्। विगतमा लामो समयसम्म स्थानीय निकायमा जनप्रतिनिधिको अभाव, योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस गाउँपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन। विभिन्न समुदाय, जातजातीका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ। दशैँ, तिहार, इद, मुहरम, बकरइद, रमजान, बुद्धजयन्ती, क्रिसमस आदि यहाँका प्रमुख चाडपर्वको रूपमा रहेको पाईन्छ।

४.२ गाउँपालिकाको स्थापना

नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगले मिति २०७३/०९/२२ मा पेश गरेको प्रतिवेदन र नेपाल सरकारको मिति २०७३/१०/२२ को निर्णय अनुसार माननीय संघीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा साविकका कटकुइया, लक्ष्मणपुर, कालाफाँटा, नरैनापुर, मटेहिया र गंगापुर गा.वि.स. समावेश गरी नरैनापुर गाउँपालिका घोषणा गरिएको हो। यस गाउँपालिकामा हाल ६ वटा वडाहरू कायम गरिएको छ।

तालिका नं. ज्ञ : गाउँपालिकाको वडा विभाजन

वडा नं	समावेश भएका साविकका गा.वि.स./न.पाहरू	साविकका वडाहरू
1	कटकुइया	1–9
2	लक्ष्मणपुर	1–9
3	कालाफाँटा	1–9
4	नरैनापुर	1–9
5	मटेहिया	1–9
6	गंगापुर	1–9

स्रोत : संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

४.३ भौगोलिक अवस्थिति

प्रदेश नं. ५ अन्तर्गत बाँके जिल्लामा अवस्थित यस नरैनापुर गाउँपालिका भौगोलिक क्षेत्रको हिसाबले समथर तराई र चुरे क्षेत्रको सङ्गममा पर्दछ। यो गाउँपालिका नेपालको मानचित्रमा हेर्दा भौगोलिक हिसाबले २७° ५१' १४" देखि २७° ५९' ५३" उत्तरी अक्षांश र ८१° ४५' ४" देखि ८१° ५७' ४३" सम्म पूर्वी देशान्तरसम्म फैलिएको छ। समुद्र सतहबाट १२५ मिटरदेखि ४४० मिटर सम्मको उचाइमा अवस्थित रहेको यस गाउँपालिकाले कुल १७२.३४ वर्ग कि.मी. क्षेत्रफल ओगटेको छ। यस गाउँपालिकाको पूर्वमा राप्ती सोनारी गाउँपालिका र भारत, पश्चिममा डुडुवा गाउँपालिका र भारत, उत्तरमा राप्तीसोनारी गाउँपालिका र दक्षिणमा भारत रहेका छन्।

४.४ भू-क्षेत्र (टोपोग्राफी)

४.४.१ माटोको बनावट र उर्वराशक्ति

नरैनापुर गाउँपालिका प्राकृतिक सम्पदाको हिसाबले या कृषिको लागि एकदम उपयुक्त रहेको छ। नरैनापुर गाउँपालिकाको विद्यमान भू-उपयोग हेर्दा गाउँपालिकाको कुल क्षेत्रफल १७२.३४ वर्ग कि.मि. मध्ये ३२.४८ प्रतिशत (५५.९७ वर्ग कि.मि.) जग्गा हाल खन-जोत हुने उपयुक्त जमिनको रूपमा रहेको छ भने ५४.७७ प्रतिशत (९४.३९ वर्ग कि.मि.) वनले ओगटेको छ। त्यस्तै झाडी क्षेत्रले ५.४८ प्रतिशत (९.४४ वर्ग कि.मि.) जग्गा ओगटेको पाइन्छ। गाउँपालिकामा २.९० प्रतिशत (४.९९ वर्ग कि.मि.) जमिन बालुवाले ओगटेको छ भने आवासीय क्षेत्रले १.६९ प्रतिशत (२.९१ वर्ग कि.मि.), जलाशयले ०.९६ प्रतिशत (१.६६ वर्ग कि.मि.) र अन्यले १.४१ प्रतिशत (२.४२ वर्ग कि.मि.) ओगटेको छ। गाउँपालिकाको प्रमुख खाद्यान्न तथा अन्न बालीमा धान, गहुँ, मकै, मास, मुसुरो, रहर, आलस, तोरी आदी हुन्।

४.४.२ भू-क्षेत्रको वर्गीकरण

नरैनापुर गाउँपालिकाको भूमिलाई भू-बनौट, प्रणाली, तथा भू-स्खलन जस्ता प्रबृत्तिका आधारमा अध्ययन गर्दा भूमिको बर्गीकरणलाई त्यसको उपयोगको सम्भाव्यता र सघनता घट्दै जाने (Degrading)क्रममा राखिएको छ। अर्को शब्दमा, भू-स्खलन वा भू-क्षयीकरणको प्रवृत्ति भू-बनोट अनुसार फरक पर्दै जान्छ। त्यसै क्रमले भूमिको स्थायित्वलाई मजबुत बनाउने उपायको भौतिक लक्षण (Physical characteristics)का आधारमा माटोको अवस्था र भिरालोपन आँकलन गरिएको छ । नरैनापुर गाउँपालिकाको भूमिलाई भू-बनौट, पारिस्थितिक प्रणाली, तथा भू-स्खलन जस्ता तत्वका आधारमा भूमिको वर्गीकरणलाई हेर्दा गाउँपालिकाको जमिनमा अधिकांश भू-भाग समथर (१ डिग्रीसम्मको भिरालोपना) रहेको छ । उत्तरतर्फ रहेको चुरेक्षेत्रका केही भागमा २० डिग्रिदेखि ३९ डिग्रि सम्मको भिरालोपन रहेको छ । यस गाउँपालिकाको भू-उपयोगको अवस्थालाई हेर्दा धेरै समथर भूमि रहेको पाइन्छ । समथर भूमि भएको कारणले यस गाउँपालिकाको भिरालोपनामा खासै फरक नभएको पाइन्छ । जसलाई तल उल्लेख गरिएको छ ।

क) Slope 1°-5° (माटोको गहिराई पर्याप्त भएको, पानीको निकास राम्रोगरी हुने कान्ला बनाई खेती गर्न सकिने)

यस्तो जमिनमा माटोको गहिराई पर्याप्त हुन्छ र पानी सतहमा तथा अर्धभूमिगत अवस्थामा समेत सजिलै निकास हुन्छ। मनसुनी खेती गर्नका लागि यस्तो भूमिमा गह्राहरू बनाउनु पर्दछ। सतहगत जलप्रवाह एवम् अर्धभूमिगत पानीको निकासलाई भू-क्षय हुन नपाओस् भनी नियन्त्रणका उपायहरू अपनाउनु पर्दछ। माटोका भौतिक गुणहरू तथा जमिनको भिरालोपनका कारण वर्षाको पानीबाट नयाँ खोल्सा खोल्सीहरू बन्ने र ती खोल्सा खोल्सीहरू प्रकारान्तरमा चौडा हुँदै गएर भू-क्षयको प्रवृत्ति बढ्ने हुनाले यस वर्गको जमिनको संरक्षण गर्न विशेष ध्यान दिनु पर्दछ।

यस वर्गको जमिनमा परम्परागत, मध्यम वा आधुनिक विधिबाट खेती गर्न सकिन्छ। मनसुनको समयमा हुने वर्षाका कारण चरन तथा वनस्पतिलाई पनि मनग्गे फाइदा पुग्दछ। यस्तो जमिनमा धान खेती गर्न सकिन्छ। सिंचाइ सुविधा उपलब्ध भएको छ भने मोटो दानादार भएको अवस्थामा समेत धानबाली लगाउन सकिन्छ। सिंचाइ भएमा हिउँदे एवम् बसन्ते बाली पनि लगाउन सकिन्छ।

ख) Slope 5°-30° (माटोको गहिराई ५०-१०० से.मी. भएको, पानीको निकास राम्रो हुने, कान्ला बनाएर मात्र खेती गर्न सकिने)

५°-३०° स्लोप रहेको, पानीको निकास राम्रो हुने गरेको तथा माटोको पत्रको गहिराई ५० से.मी. देखि १०० से.मि. सम्म रहेको जग्गा यस वर्गमा पर्दछ । यस वर्गको जमिनमा पहिरो जाने, जमिन भासिने जस्ता भू-क्षयीकरणका प्रवृत्तिहरू सामान्यरूपमा देखा परिरहन्छन्। त्यसैले जमिनलाई सामान्यरूपमा व्यवस्थापन नगरिएमा यस्ता प्रवृत्तिमा झन् वृद्धि हुने हुन्छ। वन, वनस्पतीका लागि यो जमिन त्यति सहज हुँदैन। गाईबस्तुको आवत-जावतबाट भू-क्षयीकरणमा वृद्धि हुने हुनाले चरन विकासलाई यस प्रकारको जमिनमा प्रश्रय दिनु ठीक हुँदैन। तर, पालैपालो निश्चित स्थानहरूमा गाईबस्तु थुनेर चराउने हो भने त्यसले जमिनको उत्पादकत्वमा सघाउ पनि पुऱ्याउन सक्दछ ।

यस प्रकारको जमिनमा विशेष गरी मनसुन खेतीका लागि भू-क्षय रोक्न गह्राहरू बनाउन अनिवार्य हुन्छ। यसमा खेतीका परम्परागत र मध्यमस्तरीय प्रविधि नै अपनाउनुपर्ने हुन्छ। यस प्रकारको भिरालोपन भएको जमिनमा खेती गर्दा माटोको भौतिक गुणहरूसँग व्यवस्थापन सिपको सम्मिश्रणले मुख्य भूमिका खेलेको हुन्छ। सिंचाइको प्रयोग नियमित रूपमा पहिलेदेखि नै भइरहेको खण्डमा सिंचाइ गर्दा भू-क्षयको समस्या आउदैन, तर नयाँ सिंचाइ प्रणाली शुरु गर्ने हो भने शुरुमा सावधानी अपनाउनु पर्दछ। एक्कासी बढी सिंचाइ भएको खण्डमा भू-क्षयीकरणको प्रवृत्ति तुरुन्त शुरु हुन सक्दछ।

४.४.२ जलवायु तथा वर्षा

यहाँ उष्ण मनसुनी हावापानीको प्रभाव छ । यस गाउँपालिकामा हिउँदको समयमा राम्रोसँग घाम नलाग्ने र हुस्सुको अत्यधिक प्रभावले शीत लहर चली अति जाडो हुने गर्दछ । गर्मी याममा अत्यधिक गर्मी हुने र चैत्र बैशाख महिनामा लु समेत चल्ने गर्छ ।

हावापानीको प्रकार

क) गर्मी, सुख्खा उपोष्ण हावापानी

ख) न्यानो सुख्खा उपोष्ण हावापानी

ग) न्यानो आद्र शितोष्ण हावापानी

जलवायुको हिसाबले यस गाउँपालिका उष्ण तथा उपोष्ण प्रकारको हावापानी रहेको छ । यो गाउँपालिकामा प्रादेशीय हावापानी पाइएता पनि बाह्रै महिना एकैनासको हावापानी छैन । यहाँ चैत्र महिनादेखि आश्विनको सुरुसम्म गर्मी हुन्छ । आश्विन, कार्तिक र फागुनमा यहाँको हावापानी समशितोष्ण हुन्छ भने मंसिर, पौष र माघमा निकै जाडो हुन्छ । जेष्ठको अन्त्यदेखि आश्विनको सुरुसम्म मनसुनी वायुका कारण प्रशस्त वर्षा हुने गर्छ । सबै स्थानीय स्तरमा तापक्रम मापन नभएको हुँदा बाँके जिल्लाको तापक्रमलाई आधार मानी नरैनापुर गाउँपालिकाको तापक्रम अनुमान गरिएको छ । गर्मीयाममा यहाँको औसत अधिकतम तापक्रम ४१ डिग्री सेल्सियससम्म पुग्छ भने हिउँदमा औसत न्युनतम ७ डिग्री सेल्सियससम्म पुग्न जान्छ। यस गाउँपालिकाको १२ महिनाको औसत तापक्रम विवरण तलको तालिकामा दिइएको छ।

तालिका नं. द्द : बाँके जिल्लाको औसत तापक्रम

महिना	औसत अधिकतम (°ऋ)	दैनिक औसत (°ऋ)	औसत न्युनतम (°ऋ)
जनवरी	23	15	7
फेब्रुवरी	30	19	8
मार्च	35	23	11
अप्रील	40	28	16
मे	41	32	23
जुन	40	33	26
जुलाई	37	31.5	26
अगस्ट	33	29	25
सेप्टेम्बर	33	27.5	22
अक्टुबर	33	23.5	14
नोभेम्बर	31	20	9
डीसेम्बर	27	17	7

स्रोत: AccuWeather, 2017



४.५ नदी तथा ताल तलैयाहरू

गाउँपालिकाका विभिन्न भौगोलिक क्षेत्र तथा वडाहरूमा फैलिएर रहेका नदी तथा खोलाहरू र जलक्षेत्रले विभिन्न किसिमका जलचरहरू र पंछीहरूलाई सुरक्षित बासस्थानको रूपमा आश्रय दिइरहेको पाइन्छ। साथै यस्ता जलाधार क्षेत्रबाट पशुहरूले पानी पिउने र किसानहरूले समेत सिंचाईको लागि पानीको प्रयोग गर्दछन् । मानव बस्तीको क्रमिक विकासका साथै अनुत्पादक पशुहरूको अत्यधिक चरीचराउ र उपयोगले प्राकृतिक जलक्षेत्रहरू सुक्ने संम्भावना रहेको छ। गाउँपालिकामा रहेका प्रमुख नदीनाला, पोखरी तथा खोलाहरूको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. घ : गाउँपालिकामा रहेका नदी तथा खोलाहरूको विवरण

सिमसार क्षेत्र, तालतलैया तथा नदीनालाको नाम	ठेगाना	कैफियत
राप्ती नदी	वडा नं. ५,६	
कने खोला, सिमरहना, काला नाला, कुण्डा नाला, रतैया नाला	वडा नं. ३	
वर्गदही पोखरी, वर्गदही जलाशय, दौलतपुर पोखरी, पण्डितपुरुवा पोखरी, खोदामा पोखरी	वडा नं. ४	१२ महिना नै पानी रहने
मोतिपुर पोखरी, जुगुन भरिया पोखरी, नेवाजी गाउँ पोखरी	वडा नं. ५	
गुलेरी गडाह पोखरी	वडा नं. ६	

स्रोत : गाउँ कार्यपालिकाको कार्यालय, २०७३

४.६ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरू



नक्सा नं. द्द : नरैनापुर गाउँपालिकामा रहेका धार्मिक तथा पर्यटकीय स्थलहरू

एउटा विशिष्ट भौगोलिक संरचनाले सिर्जना गरेको हावापानी, जनजीवन, वन वनस्पति र वन्यजन्तु तथा साँस्कृतिक विविधताको कारण नेपाल विश्वमा नै एउटा पर्यटकीय गन्तव्यस्थलको रूपमा परिचित छ । पर्यटन हाम्रो लागि प्रकृतिले प्रदान गरेको वरदान हो । अत्यन्त रमणीय विश्वकै उच्च हिमश्रृंखलाहरू, अनवरत बग्ने कञ्चन हिम नदीहरू, झरना, तालतलैया, प्राकृतिक गुफा, विविधतायुक्त वन जङ्गल यहाँको प्राकृतिक निधिहरू हुन् भने यहाँको संस्कृति, जाति तथा रहनसहन समेत पर्यटनका आकर्षक पक्षहरू हुन् । यी सम्पूर्ण पर्यटकीय सम्पतिको पूर्ण सदुपयोग गरेमा देशको आर्थिक समृद्धिमा उल्लेखनीय योगदान पुऱ्याई देशको अर्थतन्त्रलाई सबल बनाउन सकिने निश्चित छ । तसर्थ पर्यटन नीति २०६५ ले मुलभूतरूपमा पर्यटन मार्फत् स्वरोजगार सिर्जना, गरिबी निवारण, मूर्त तथा अमूर्त सम्पदाको खोज अनुसन्धान, हवाई तथा स्थलमार्गको थप विकास र बिस्तार गर्ने र पर्यटन पुर्वाधारलाई दिगो विकासको अवधारणा अनुरूप अगाडि बढाउने उद्देश्य लिएको छ ।

तालिका नं. द्ध : धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरू

वडा नं	क्र.सं.	नम	ठेगाना	महत्व	पर्यटक आउने संख्या	मुख्य पर्यटकिय पूर्वाधारहरूको अवस्था सम्बन्धी विवरण
1	1	पन्नाहवा देवी मन्दिर	कटकुइया	मेला लाग्ने (आषाढ गुरूपूर्णिमा)	वर्षमा ५०,००० भन्दा बढी	कच्ची बाटो
	2	करिमुल्ला साहको स्थान, मुस्लिम समाधि स्थल	कटकुइयाको उत्तरतिर	पार्क		प्रतिक्षालय बनाउनु पर्ने, पिकनिक सम्भाव्य ठाउँ
	3	शवदाह बाबा	सुइया (उत्तर पूर्व)	हिन्दूहरूको दाहसंस्कार गर्ने ठाउँ		
	4	गढाहा बाबा स्थान	वनिया गाउँ	बाबा समाधिको पुजा		

वडा नं	क्र.सं.	नम	ठेगाना	महत्व	पर्यटक आउने संख्या	मुख्य पर्यटकिय पूर्वाधारहरूको अवस्था सम्बन्धी विवरण
2	1	सुन्दर मुन्दर धार्मिक पर्यटकीय क्षेत्र	मियापुरबाट ५ कि.मि.	तपस्या गर्ने ठाउँ, जङ्गल, वसन्त पञ्चमीमा मेला लाग्ने, २ वटा आस्नाको रुख		ठूलो घाँसे मैदान छ,
	2	गरुड विट		पूजा गर्ने ठाउँ (नवाज पढ्ने), ढुङ्गामा बसेर नवाज पढ्ने		पार्क, पिकनिक,
3	1	बरफानी बाबा	गेग्ली (उत्तर जङ्गल)	महापुरुष बाबा पुजारी हुन्, धार्मिक आस्था, ३५ वर्ष पहिलेदेखि बसेको बाबा,		पार्क/पिकनिक बनाउन सकिन्छ, जङ्गलबिच र डाँडामा दुई कुटी छ
4	1	गोर्वद्धन दास कुटी	नरैनापुरबाट ७ कि.मि कच्ची बाटो	(१५ मि. झर्ना रहेको केराहवा खोला, सबै धर्मावलम्वी जान्छन्		
5	1	पन्नाहवा मौजी बाबा कुटी	मटिहिया	धार्मिक महत्व (शिव, पार्वती, गणेशको मुर्ति रहेका), कुटीमा रहेका बाबाहरूले भनेको कुरा पुरा हुन्छ भन्ने धार्मिक विश्वास रहेको	वर्षमा १० हजार पर्यटक आउने, विशेषत भारतबाट आउने गरेको	
	2	बडीकुटी	मटिहिया उत्तर जंगल	मन्दिरमा बाबा बस्ने		
	3	मलङसा बाबा	हुलासपुरुवा पश्चिम राप्तीको छेउमा	विहिबार पाठपुजा हुने, तपस्या गर्ने ठाउँकोरूपमा, मुस्लिमको बाबा बस्ने		
	4	वेदिहिवा सन्तानेश्वर मन्दिर		भग्वान शंकर, शिवको मन्दिर, शिवलिङ्ग डाडाँमा दृश्यावलोकन गर्न सकिने		
6	1	बेदीहिवा	जम्दी उत्तर जंगल	शिवलिङ्ग, देविको स्थान, मन्दिर, शिवरात्रीमा मेला लाग्ने, जंगल पहाडी स्थाको दृश्यावलोकन, पार्क,		वनभोज -पिकनिक) स्थल बनाई पर्यटकीय आकर्षणको केन्द्र बनाउन सकिने
	२	बकसरी माता		जंगल, ठाउँ ठाउँमा मुर्ति रहेको		
	३	शिव मन्दिर	सुनवर्षा	ठुलो मन्दिर (२०० वर्ष पुरानो ऐतिहासिक महत्व, १५० मि.अग्लो)		
	४	अमरधाम आश्रम				

स्रोत : स्थलगत सर्भेक्षण २०७५

४.७ मुख्य चाडपर्वहरू

यस गाउँपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरू बसोबास गर्दछन् । यहाँ अधिकांश हिन्दू र इस्लाम धर्म मान्ने मानिसहरू रहेका छन् । सबै जातजाती र सम्प्रदायका आ-आफ्नै खाले धर्म संस्कृति र चालचलनहरू छन् । जसमा यहाँका बासिन्दाहरूले ईद, वकरईद, मुहरम, रमजन, मोहम्मद डे, बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, छठ, होली, चैते दशैं, साउने-माघे संक्रान्ति, गोठधूप, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णिमा, श्री स्वस्थानी पूर्णिमा, नयाँ वर्ष, सोह्रश्राद्ध, कूल पूजा, संकट पूजा, बुद्धजयन्ती, विभिन्न ल्होसार पर्वहरू, क्रिसमस डे, भ्यालेनटाईन डे आदिजस्ता चाडपर्व मनाउँछन् ।

तालिका नं. छ : मुख्य चाडपर्वहरू

क्र.सं.	चाडपर्व, संस्कृतिहरू, जात्रा तथा मेला	महत्व	मनाउने समुदाय	मनाउने समय
1	मुहरम	हसन हुसेनको पूजा (ताजिया प्रतिक) मान्ने, १० दिनसम्म व्रत बसेर मनाइने	मुस्लिम र हिन्दू	वर्षमा एकपटक
2	इद	१ महिना व्रत बसिन्छ	मुस्लिम	
3	मोहम्मद डे	मिठो खाने, घर सिँगार्ने, नमाज पढ्ने	मुस्लिम	२१ नोभेम्बर
4	बकर इद	नवाज पढ्ने, बलि दिने	मुस्लिम	इदको ७२ दिन पछि
5	खालिफा नुर अहमद शाह मेला	बजार लाग्ने, कुरान पाठ गर्ने, १२ दिन लाग्ने, पुजा गरिने	सबै जातको सहभागिता, ७० प्रतिशत भारतबाट मनाउन आउने	पुस र माघ
6	दसै तिहार, तिज, कार्तिक पूर्णिमा, गुरूपूर्णिमा, जनै पूर्णिमा, नागपञ्चमी		हिन्दू	
7	नवरात्री मेला	मुर्ती पूजा	हिन्दू	
8	काम्तिपुर मेला		सबै जातको सहभागिता	
9	इद		मुस्लिम	(सबै पर्व २ वर्षमा परिवर्तन हुँदै जान्छ २०७५ साल भदौ
10	बकर इद			
11	सुभरात	खाना पकाउने, पाठपुजा गर्ने		
12	रमजान/रोजा			१ महिना
13	कार्तिक पुर्णिमा मेला			कार्तिक
	दशहरा मेला	दुर्गा पुजा	नयाँबस्ती	बिजयादशमीको दिन
14	बडीकुटी मेला	रामनवमीमा मेला लाग्ने		चैत्र
	पन्नहवा मेला	विवाह पञ्चमीमा मेला लाग्ने		मंसिर
15	कार्तिक पुर्णिमा मेला	बजार लाग्ने	गंगापुर सुनवर्षामा सबै समुदायले मनाउने	कार्तिक

16	दशहरा मेला	नवरात्री, मुर्ति पुजा		

४.८ संस्कृति, कला, भाषा र साहित्य

नरैनापुर गाउँपालिका संस्कृति, कला, भाषा तथा साहित्यका दृष्टिकोणले धनी गाउँपालिकाको रूपमा रहेको छ। गाउँपालिकामा विभिन्न किसिमका जातजाति, धर्म र भाषाभाषी बोल्ने परिवारहरूको बसोबास रहेको छ। यस गाउँपालिकाका अधिकांश मानिसहरूले ईस्लाम धर्म र दोस्रोमा सनातन हिन्दु धर्मलाई स्वीकारेको देखिन्छ। यद्यपि आदीबासी तथा जनजाति समुदायको भने आफ्नै भाषा, रहनसहन, भेषभुषा एवम् परम्परा र संस्कार रहेको पाईन्छ। यहाँ विशेषत दशहरा मेला, कार्तिक पुर्णिमा मेला, पन्नाहवा मेला लगायत विशेष चाडपर्वको बेला हम्का जोडी नाच, झुमडा नाच, फुरुवार नाच, रामलीला नाटक आदि विशेष सांस्कृतिक धरोहरहरू रहेका छन्। त्यसैगरी हिन्दु समुदायहरूले वेदमूलक आर्य-संस्कृतिका विधि-विधान र धर्म शास्त्रहरू जस्तै रामायण, महाभारत, पुराण आदि ग्रन्थहरूको आधार मानी ती बिषयवस्तुहरूलाई लोकभाषा, लोकलय, लोकधुन, र लोकशैलीमा ढालेर लोकजीवनको सेरोफेरोसित तादात्म्य मिलाई आफ्नोपन झल्काउने गरी दोहोरी, लोकगीत आदिको रूपमा विभिन्न विशिष्ट अवसरहरूमा प्रस्तुत गरिन्छ। विभिन्न समुदायको विशेष पहिचान नै आफ्नो विशिष्ट भाषिक र सांस्कृतिक मौलिकपन रहेका छन् । सञ्चार माध्यमको व्यापक विकास र बिस्तारका साथै पश्चिमा संस्कृतिको प्रभावका साथै विद्यमान सबै कला, संस्कृतिको अध्ययन र संरक्षणको अभावका कारण कतिपय कला, संस्कृति, परम्परा अमूर्त र लोपोन्मुख अवस्थामा रहेका छन्। यसलाई जगेर्ना गर्दै सांस्कृतिक धरोहरकोरूपमा विकास गरी अगाडी बढ्दा गाउँपालिकाको सांस्कृतिक लगायत आर्थिक विकासमा टेवा पुग्ने देखिन्छ।

४.९ भेषभूषा तथा चालचलन

नरैनापुर गाउँपालिकामा हिन्दु र मुश्लिम धर्मावलम्बीहरूको बाहुल्यता रहेको छ । यिनीहरूका आ-आफ्नै चाडबाड, रीति रिवाज, चालचलन, भेषभूषा, संस्कार र संस्कृति रहेका छन्। हिन्दु धर्मावलम्बीहरूले बच्चा जन्मँदा छैंठी, न्वारन, पाश्नी, ब्रतबन्ध, विवाह लगायतका विभिन्न संस्कारहरू सम्पन्न गर्दछन् । त्यस्तै उनीहरूले मृत्युपछि दाह संस्कारका लागि नदी तथा खोला किनारमा लगी गाड्ने चलन छ भने सन्यासी वर्गले लाशलाई गाड्ने गर्दछन्। मृत्यु पछि समेत पिण्डदान, ब्रम्हदान, ब्रम्हभोजन गराउने चलन छ। शिक्षाको अभावमा धामी, झाँक्रि झारफुक, भाकल, तन्त्रमन्त्र आदिमा विश्वास गर्दछन् । मुश्लिम समुदायका पनि आफ्ना छुट्टै रीति रिवाज, संस्कार र संस्कृति छन् । मुश्लिम धर्मावलम्बीहरूमा नयाँ त्रच्चा जन्मिसकेपछि उसको दाहिने कानमा सृष्टिकर्ता अल्लाहको नाम उच्चारण गरिन्छ जुन काम बच्चा जन्मेको केही मिनेटभित्र नै गरिन्छ । त्यसपछि बच्चालाई खाना खुवाउनुभन्दा अघि उसको मुखको माथिल्लो भागमा नरम छोहडाले रगडिइन्छ। बच्चालाई मन्त्रजडित ताविज पनि लगाइदिइन्छ। पुरुष बच्चाको लिङ्गको खतना गरिन्छ। बच्चा जन्मेको ७ औँ दिनमा कृतज्ञता स्वरूप अल्लाहलाई भेँडा चढाउने र बच्चाको टाउको मुण्डन गरिदिने प्रचलन पनि छ । त्यसपछि मात्र बच्चाको नाम राखि दिने प्रचलन छ । जन्मँदा मृत जन्मेको बच्चाको समेत नाम राखिदिने प्रचलन छ। मुश्लिमहरूले लासलाई गाड्ने गर्दछन्।

नरैनापुर गाउँपालिका मुख्य मुख्य बस्तीहरू तराईमा अवस्थित रहेकोले यहाँका बासिन्दाहरूले प्रायः पातला कपडाहरू लगाउँछन्। यहाँका पुरुषहरूले प्रायः धोती, कमिज, कुर्ता, इस्टकोट, कोट सर्ट, पाइन्ट, गम्छा, टोपी, कछाड, लुङ्गी लगाउँछन् भने महिलाहरूले गुन्यु, चोलो, ब्लाउज, पेटिकोट, कुर्था सुरुवाल, सल, पछ्यौरा, साडी आदि लगाउँछन् । मुश्लिम महिलाहरूले अनुहार ढाक्नका लागि बुर्का लगाउँछन् । आजकालका युवा युवतीहरूले भने सर्ट, पाइन्ट, टिसर्ट, फ्रक आदि लगाउँछन् । यहाँका खानपिनमा प्रायः दाल, भात, तरकारी,

अचार, चट्नी, रोटी, माछा, मासु, अण्डा, दुध, घ्यु, दही, मही आदि खान्छन् भने आधुनिकता सँगै चिया, कफि, चिसो पेय पनि सेवन गर्दछन् ।

खण्ड ५ : जनसाङ्ख्यिक विवरण

५.१ जनसंख्याको विवरण

कुनैपनि स्थानको जनसंख्या विकासको साधन र साध्य दुवैको रूपमा रहेको हुन्छ । विकासको लागि आवश्यक अन्य आर्थिक, भौतिक साधनहरूको परिचालन मानव स्रोतबाट नै हुने भएकाले विकास योजना तर्जुमा गर्दा यसको बनावटको विविध पक्षहरूको अध्ययन र विश्लेषण आवश्यक हुन्छ । नेपालमा गाउँस्तरमा जनसंख्याको विविध पक्षको तथ्याङ्क प्रत्येक १० वर्षमा हुने राष्ट्रिय जनगणनाको साथै गाउँपालिकास्तरमा घरधुरी सर्वेक्षण मार्फत् समेत प्राप्त हुने गरेको छ । यहाँ राष्ट्रिय जनगणनाबाट प्राप्त नतिजाको आधारमा जनसंख्याका विविध पक्षहरूको विश्लेषण गरिएको छ ।

राष्ट्रिय जनगणना, २०६८ अनुसार नरैनापुर गाउँपालिकाको जनसंख्या ३४,९४२ रहेको छ जस मध्ये पुरुष ५१.४५ प्रतिशत (१७,९७८जना) र महिला ४८.५५ प्रतिशत (१६,९६४ जना) रहेका छन्। यस गाउँपालिकामा महिलाको तुलनामा पुरुष २.९ प्रतिशतले बढि रहेको पाइन्छ। सोही अनुसार लैंगिक अनुपात (Sex Ratio) अर्थात् प्रति १०० महिलामा पुरुषको संख्या १०५.९८ रहेको छ। जनघनत्व (प्रति वर्ग किलोमिटरमा रहेको जनसंख्या) २०३ जना प्रति वर्ग किलोमिटर रहेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाको कुल जनसंख्या मध्ये ५३.११ प्रतिशत १५ देखि ५९ वर्ष उमेर समूहका, ३९.३८ प्रतिशत १४ वर्ष वा सो भन्दा कम उमेरका र ७.५१ प्रतिशत ६० वर्ष वा सो भन्दा माथिल्लो उमेर समूहका रहेका छन्। राष्ट्रिय जनगणना, २०६८ अनुसार नरैनापुर गाउँपालिकामा ५,९०८ घरपरिवार रहेका छन्। यस गाउँपालिकामा प्रति परिवार औसत ५.९१ जना सदस्य रहेको देखिन्छ। नेपालको परिवारको औसत आकार ४.८८ रहेको छ। देशमा सबैभन्दा बढी रौतहट जिल्लामा ६.४४ र सबैभन्दा कम कास्कीमा ३.९२ रहेको देखिन्छ।

तालिका नं. ट : जनसंख्याको विवरण

विवरण	वि.सं. २०६८
जम्मा जनसंख्या	34,942
पुरुष	17,978 (51.45 प्रतिशत)
महिला	16,964 (48.55 प्रतिशत)
लैंगिक दर (प्रति १०० जना महिलामा पुरुष संख्या)	105.98
जम्मा घरधुरी	5,908
औसत परिवार आकार	5.91
५ वर्ष र सोभन्दा माथिको साक्षरता दर (प्रतिशतमा)	31.05
जनघनत्व (प्रतिवर्ग कि.मी.)	203

स्रोत: राष्ट्रीय जनगणना २०६८

५.२ वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण

तालिका नं. ठ : वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण

वडा नं.	जम्मा क्षेत्रफल	औसत घरधुरी आकार	जम्मा घरधुरी संख्या	पुरुष	महिला	जम्मा जनसंख्या	जनघनत्व
1	27.1	6.03	934	2832	2796	5,628	208
2	27.34	6.75	831	2859	2750	5,609	205
3	18.9	6.61	709	2410	2279	4,689	248
4	38.4	5.94	859	2674	2432	5,106	133
5	39.55	5.53	1,400	4073	3667	7,740	196
6	21.05	5.25	1,175	3130	3040	6,170	293
जम्मा	172.34	5.91	5,908	17978	16964	34942	203

स्रोत: राष्ट्रीय जनगणना २०६८

यस गाउँपालिकामा हाल ६ वटा वडाहरू कायम गरिएको छ। यी वडाहरूको तुलनात्मक अध्ययन गर्दा सबैभन्दा धेरै जनसंख्या भएको वडामा वडा नं ५ रहेको छ जसमा जम्मा जनसंख्या ७,७४० (पुरुषको ४,०७३ जना र महिलाको ३,६६७ जना) रहेको छ। यस वडाको औसत परिवार आकार ५.५३ र घरधुरी संख्या १४०० रहेको छ। त्यस्तै सबैभन्दा थोरै जनसंख्या भएको वडा नं. ३ रहेको छ जसको जनसंख्या ४,६८९ (पुरुषको २४१० जना र महिलाको २२७९ जना) रहेको छ भने घरधुरी संख्या७०९ र औसत परिवार संख्या ६.६१ रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ। यसलाई तलको स्तम्भ चित्रबाट स्पष्ट पार्न सकिन्छ।



५.३ उमेर समूहअनुसार जनसख्याको विवरण

तालिका नं. ङ : उमेर समूहअनुसार जनसंख्याको विवरण

उमेर समूह	पुरुष	महिला	जम्मा	प्रतिशत	लैङ्गिक अनुपात
0–4	1982	1957	3939	11.27	1.01
5–9	2570	2494	5064	14.49	1.03
10–14	2523	2235	4758	13.62	1.13
15–19	1971	1743	3714	10.63	1.13
20–24	1448	1561	3009	8.61	0.93
25–29	1360	1285	2645	7.57	1.06
30–34	1042	1096	2138	6.12	0.95
35–39	943	938	1881	5.38	1.01
40–44	865	824	1689	4.83	1.05
45–49	757	701	1458	4.17	1.08
50–54	667	496	1163	3.33	1.34
55–59	422	437	859	2.46	0.97
60–64	513	382	895	2.56	1.34
65–69	311	353	664	1.90	0.88
70–74	336	251	587	1.68	1.34
75–79	127	105	232	0.66	1.21
80–84	82	66	148	0.42	1.24
85–89	23	16	39	0.11	1.44
90–94	23	16	39	0.11	1.44
95±	13	8	21	0.06	1.63
जम्मा	17978	16964	34942	100	1.06

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८

माथिको तालिका अनुसार वि.सं. २०६८ सम्ममा नरैनापुर गाउँपालिकाको ०-१४ वर्ष उमेर समूहको संख्या १३,७६१ (३९.३८ प्रतिशत) रहेको छ, १५-४५ वर्ष उमेर समूहको जनसंख्या १५,०७६ (४३.१५ प्रतिशत) छ, काम गर्ने उमेरसमूह १५ देखि ५९ वर्षसम्मको जनसंख्या १८,५५६ (५३.११ प्रतिशत) रहेको छ। लिङ्गको आधारमा हेर्दा महिलाको जनसंख्या १६,९६४ (४८.५५ प्रतिशत) र पुरुषको जनसंख्या १७,९७८ (५१.४५ प्रतिशत) रहेको र यसप्रकार महिला र पुरुषको जनसंख्याको अन्तर २.९० प्रतिशत देखिन्छ। ६० वर्ष भन्दामाथि उमेर समूहको संख्या २,६२५ (७.५१ प्रतिशत) रहेको छ। तथ्याङ्कले गाउँपालिकामा मानव स्रोतको प्रशस्तमात्रामा सम्भावना रहेको तथ्यलाई देखाउँछ। साथै बालबालिकाको संख्या पनि उच्च हुनुले आउँदा दिनहरूमा पनि यस गाउँपालिकामा मानव स्रोतको कमी नहुने देखाउँछ ।



५.४ उमेर समुह अनुसार १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको वैवाहिक स्थितिको विवरण

वैवाहिक स्थिति भन्नाले बिबाह गरेका, विवाह गरेर पनि सम्वन्ध विच्छेद भएका साथै श्रीमान वा श्रीमती गुमाएर एकल भई बसेको अवस्थालाई जनाउँछ। लैङ्गिक आधारमा समाजको वैवाहिक स्थिति असमान देखिन्छ। नेपाली समाजमा महिलाले श्रीमान्को मृत्यु भए पनि विवाह गर्नु हुँदैन भन्ने मान्यता र विधुवालाई हेरिने दृष्टिकोण रुढिवादी र परम्परागत रहेको छ। जसले गर्दा समाजमा बहुविवाह तथा विदुर र विधुवाको संख्यात्मक स्थिति असमान देखिन्छ। अझ प्राचीन समयमा सती प्रथा प्रचलनमा रहेको थियो तर १९७७ चन्द्रशमशेरले कानूनीरूपमा कु-प्रथाको रूपमा रहेको सतीप्रथाको अन्त्य गरी महिला माथिको अन्यायको जड उठाएका थिए। सामान्यतया पितृसत्तात्मक समाज रहेको हाम्रो देशमा विधुवा महिलाको संख्या पुरुषको संख्या भन्दा दुई गुणा बढी देखिन्छ। सामाजिकरूपमा महिला र पुरुषको वैवाहिक स्थितिमा असमानता देखिन्छ तसर्थ नरैनापुर गाउँपालिकाको वैवाहिक स्थितिको विवरण तालिका तथा स्तम्भमा उल्लेख गरिएको छ।

तालिका नं. ढ : उमेर समुह अनुसार १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको वैवाहिक स्थितिको विवरण

लिङ्ग	कहिल्यै विवाह नभएको	एक विवाह गर्ने	बहु विवाह भएको	पुन: विवाह भएको	विधवा / विधुर	पारपाचुके भएको	छुट्टिएको	जम्मा
पुरुष	4926	8000	138	120	218	17	7	13426
महिला	3128	8750	48	40	512	20	15	12513
जम्मा	8054	16750	186	160	730	37	22	25939
प्रतिशत	31.05	64.57	0.72	0.62	2.81	0.14	0.08	100.00

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८

यस गाउँपालिकामा १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका विवाहित व्यक्तिहरूको वैवाहिक स्थितिको अवस्था देखाइएको छ। जसमा १६,७५० जना (६४.५७ प्रतिशत) एक विवाह गर्नेको संख्या र बहु विवाह गर्ने १८६ जना (०.७२ प्रतिशत) रहेको छ। पुन: विवाह गर्ने १६० जना (०.६२ प्रतिशत), विधुवा/विधुर ७३० जना (२.८१ प्रतिशत), पारपाचुके भएका ३७ जना (०.१४ प्रतिशत) र छुट्टिएका २२ जना (०.०८ प्रतिशत) रहेका छन्। गाउँपालिकामा एक विवाह गर्ने महिलाको संख्या एक विवाह गर्ने पुरुषको भन्दा ७५० (४.४८ प्रतिशत) ले बढी रहेको छ। बहु विवाह गर्ने पुरुषको संख्या बहु विवाह गर्ने महिलाको संख्या भन्दा ९० जना (४८.३९ प्रतिशत) ले बढी रहेको देखिन्छ। जसलाई तलको स्तम्भ चित्रमा देखाउन सकिन्छ ।



५.५ पहिलो विवाह गर्दाको उमेरको विवरण

कुनै पनि देशले विवाहका लागि कानूनमै न्युनतम उमेर तोकेको हुन्छ। उक्त उमेर नपुग्दै विवाह गरिन्छ भने त्यसलाई बालविवाहको रूपमा तथा कम उमेरमा गरेको विवाहका रूपमा लिने गरिन्छ। नेपालमा मुलुकी ऐन, देवानी संहिता २०७५ (एघारौं संशोधन २०५८) २०२० ले विवाह गर्दा महिला र पुरुषको उमेर संरक्षकको मञ्जुरी भए अठार वर्ष र संरक्षकको मञ्जुरी नभए वीस वर्ष नपुगी विवाहवारी गर्न नहुने व्यवस्था गरेको छ। वर्तमान समयमा शिक्षाको प्रचारप्रसारका कारणले गर्दा व्यक्तिहरूमा बिस्तारै चेतनामा अभिवृद्धि हुँदै भएको कारण वालविवाहको चलन घट्दै गइरहेको पाइन्छ। तापनि अझै केही स्थानहरूमा गलत सामाजिक परम्परा र मूल्य मान्यताका कारण नाबालक अवस्थामै विवाह गरिदिने चलन रहेको देखिन्छ। साथै पछिल्लो क्रममा इन्टरनेट, टेलिभिजन र मोवाइलमा बालबालिकाको पहूँच वृद्धि भई दुरूपयोग बढेर आफुखुसी वालविवाह गरेका घटनाहरू पनि सुन्नमा आउन थालेका छन्।

राष्ट्रिय जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्भेक्षणका अनुसार बाल विवाह गर्ने क्रममा १५ देखि १९ वर्षका किशोरीको प्रतिशत तुलनात्मक रूपमा बढ्दै गएको देखिन्छ। प्लान नेपाल लगायत अन्य संस्थाहरू मिलेर गरेको अध्ययन प्रतिवेदन सन् २०१२ अनुसार २६.७ प्रतिशत किशोरीहरू र ५.८ प्रतिशत किशोरहरूले बाल विवाह गरेको देखिन्छ। जुन २०६८ को जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्भेक्षण भन्दा घट्दो क्रममा देखिन्छ।

तालिका नं. ज्ञण : पहिलो विवाह गर्दाको उमेरको विवरण

लिङ्ग	१० वर्ष सम्ममा	१०-१४ वर्ष	१५-१९ वर्ष	२०-२४ वर्ष	२५-२९ वर्ष	३०-३४ वर्ष	३५-३९ वर्ष	४०-४४ वर्ष	४५-४९ वर्ष	५० भन्दा माथि	जम्मा
पुरुष	42	434	4626	2986	350	69	15	8	1	0	8,531
महिला	238	1839	6285	1070	107	14	3	2	0	1	9,559
जम्मा	280	2,273	10,911	4,056	457	83	18	10	1	1	18,090
प्रतिशत	1.55	12.56	60.32	22.42	2.53	0.46	0.10	0.06	0.01	0.01	100.00

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८

माथिको तालिकामा १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका विवाहित व्यक्तिहरूको पहिलो विवाह गर्दाको उमेरको विवरण देखाइएको छ। यस गाउँपालिकामा १५ वर्षदेखि १९ वर्षसम्मको उमेर समूहमा विवाह गर्नेको संख्या १०,९११ अर्थात् सबैभन्दा बढी (६०.३२ प्रतिशत) देखिन्छ भने त्यसपछि २० वर्ष देखि २४ वर्षसम्मको उमेर समूहको संख्या ४,०५६(२२.४२ प्रतिशत) देखिन्छ। तेस्रोमा १० देखि १४ वर्ष उमेरसमूहको संख्या २,२७३ (१२.५६ प्रतिशत) रहेको छ भने १० बर्षसम्मका उमेरसमूहका बालबालिकाको पनि पहिलो विवाह गर्दाको जनसंख्या २८० (१.५५ प्रतिशत) रहेको देखिन्छ। यस गाउँपालिकामा पछिल्लो अवस्थामा बाल विवाह कम भएको पाइन्छ। यसलाई पूर्ण रूपमा नियन्त्रण गर्नको लागि उचित शिक्षा तथा चेतनामूलक कार्यक्रमको प्रचार प्रसार गर्नु पर्ने देखिन्छ।

समय परिवर्तनको दौरानसँगै २०६८ को आँकडा भन्दा सकारात्मक हुँदै गएको भएतापनि बाल विवाहको अन्त्य भने भएको छैन । विवाहको उपयुक्त उमेर नपुग्दै भएको विवाहले समाजमा विभिन्न समस्याहरू निम्त्याएको कुरालाई हामी नकार्न भने सक्दैनौ यसलाई समाधान गर्न सरकार र सरोकारवालाहरूबाट उचित शिक्षा तथा चेतनामूलक कार्यक्रमको प्रचार प्रसार गरी नियन्त्रण गर्नु पर्ने देखिन्छ। साथै नेपालको कानुनले बालविवाहलाई जघन्य अपराधको रूपमा मानेकोले बालविवाह गर्ने गराउनेलाई कानुन अनुसार दण्ड दिने व्यवस्था गर्नुपर्दछ । उल्लेखित विवरणलाई तलको स्तम्भ चित्रबाट समेत प्रस्तुत गरिएको छ ।



५.६ जातजाती समूहअनुसार जनसंख्याको विवरण

नेपाल एक बहुभाषिक, बहुजातीय, बहु-साँस्कृतिक विशेषतायुक्त देश हो । यस गाउँपालिकामा सामाजिक संरचनाको दृष्टिकोणबाट विविधतायुक्त रहेको पाईन्छ। यस गाउँपालिकामा विभिन्न जातजाति, समूहअनुसार जनसंख्याको अवस्थालाई हेर्दा सबैभन्दा बढी मुसलमान जाति १५,७७७ जना (४५.१५ प्रतिशत), दोस्रोमा यादव ५,५९५ (१६.०१ प्रतिशत) र तेस्रोमा चमार/हरिजन/राम १,३०३ (३.७३ प्रतिशत) रहेका छन् । त्यस्तै दुसाध/पासवान/पासी १,१६६ जना (३.३४ प्रतिशत), कोइरी/कुशवाहा१,१५७ (३.३१ प्रतिशत) रहेका छन् । त्यसैगरी थारु, धोबी, ब्राह्मण (तराईं), हजाम/ठाकुर, कुर्मी, कायस्था, दमाई/ढोली, तेली, क्षेत्री, आदिवासी/जनजाति अन्य, दलित अन्यर अन्य जातीहरूको पनि यस गाउँपालिकामा बसोबास रहेको छ । जसको विस्तृत विवरण तलको तालिका र स्तम्भ चित्रमा उल्लेख गरिएको छ।

तालिका नं. ज्ञ्ज : नरैनापुर गाउँपालिकाको जातजाति अनुसारको जनसङ्ख्या विवरण

क्र.सं.	जातजाति	जम्मा	प्रतिशत
1	मुसलमान	15777	45.15
2	झादव	5595	16.01
3	चमार/हरिजन/राम	1303	3.73
4	दुसाध/पासवान/पासी	1166	3.34
5	कोइरी/कुशवाहा	1157	3.31
6	थारु	995	2.85
7	धोबी	832	2.38
8	ब्राम्हण (तराई)	815	2.33
9	हजाम/ठाकुर	738	2.11

क्र.सं.	जातजाति	जम्मा	प्रतिशत
10	कुर्मी	565	1.62
11	कायस्था	538	1.54
12	दमाई/ढोली	530	1.52
13	तेली	485	1.39
14	क्षेत्री	451	1.29
15	आदिवासी/जनजाति अन्य	456	1.31
16	दलित अन्य	1084	3.10
17	अन्य	2455	7.03
	जम्मा	34942	100

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८



५.७ मातृभाषा अनुसार जनसङ्ख्याको विवरण

नेपाल एक बहु-जाति, बहु-भाषा र बहु-साँस्कृतिक विशेषता बोकेको राष्ट्र हो । त्यसैले यहाँ जात भाषा र संस्कृतिमा विविधता पाईन्छ । नेपालको संविधान २०७२ को भाग ३ मा देहाय बमोजिम भाषा तथा संस्कृतिको हकको व्यवस्था गरिएको छ ।

(१) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुनेछ ।

(२) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुनेछ ।

(३) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको सम्वर्द्धन र संरक्षण गर्ने हक हुनेछ ।

यसै अनुरूप यस नरैनापुर गाउँपालिकामा बसोबास गर्ने व्यक्तिहरूले बोल्ने विभिन्न मातृभाषाहरूमा विविधता रहेको छ। गाउँपालिकामा विशेषत अवधी, उर्दु, नेपाली, मैथिली, डोटेली लगायतका भाषा बोल्ने गर्दछन् । यसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ज्ञद्द : मातृभाषा अनुसार जनसंख्याको विवरण

क्र.सं.	भषा	जम्मा	प्रतिशत
1	अवधी	16648	47.64
2	उर्दु	15732	45.02
3	नेपाली	1245	3.563
4	मैथिली	435	1.245

क्र.सं.	भाषा	जम्मा	प्रतिशत
5	डोटेली	413	1.182
6	अन्य	456	1.305
7	उल्लेख नगरिएको	13	0.037
	जम्मा	34942	100

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८

यस गाउँपालिकामा बसोबास गर्ने व्यक्तिहरूले बोल्ने विभिन्न मातृभाषाहरूमा विविधता रहेको पाइन्छ। मातृभाषाअनुसार जनसंख्याको तुलनात्मक अध्ययन गर्दा यस गाउँपालिकामा सबैभन्दा बढी अवधी भाषा बोल्नेहरूको संख्या १६,६४८ (४७.६४ प्रतिशत) रहेको देखिन्छ। दोस्रोमा उर्दु भाषा १५,७३२ (४५.०२ प्रतिशत), तेस्रोमा नेपाली भाषा बोल्नेको संख्या १२४५ (३.५६ प्रतिशत) रहेको पाइन्छ । त्यस्तै मैथिली, डोटेली र अन्य भाषाहरू बोल्न गरेको पनि पाइन्छ। यसलाई तलको स्तम्भ चित्रबाट समेत देखाउन सकिन्छ।



आदिवासी/जनजाति

आदिवासी/जनजाति उत्थान् राष्ट्रीय प्रतिष्ठान ऐन २०५८ अनुसार आदिवासी जनजाति भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै साँस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएका ५८ जाति वा समुदायलाई बुझिन्छ। यस गाउँपालिकाको कुल जनसंख्या मध्ये ४.१५ प्रतिशत (१,४५१ जना) जनसंख्या आदिवासी (थारु, अन्य जातजाति आदि) रहेका छन्। जसमा सबैभन्दा बढी थारु जातिको संख्या ९९५ (२.८५ प्रतिशत) जनसंख्या रहेको पाइन्छ। मुख्यत: कृषि पेशामा संलग्न यी समुदायमा साक्षरता प्रतिशत तुलनात्मक रूपमा न्यून रहेको छ। एकातर्फ बाल विवाह, गुरुवा (धामी, झाँक्री) प्रथा जस्ता सामाजिक प्रथाहरू यस समुदायमा हालसम्म आंशिक रूपमा भएपनि कायमै रहेको पाइन्छ भने अर्कातर्फ यी जनजातिहरूले आफ्नो मौलिक संस्कृतिलाई भने आधुनिकताको प्रभावबिचच यस समुदायले अद्यावधि बचाई राखेको पाइन्छ। यी समुदायद्वारा नरैनापुर गाउँपालिकाको मौलिक संस्कृतिलाई जिवन्त राख्न सहयोग पुगेको छ। यस समुदायबाट जनप्रतिनिधिको रूपमा हाल राष्ट्रको नीति निर्माण गर्ने निर्णायक तहहरूमा समेत केहि सहभागिता देखिएको छ। नरैनापुर गाउँपालिकाको विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन विशेष पहल गर्नु पर्ने अवस्था देखिन्छ।

सीमान्तकृत तथा उत्पीडित समुदाय

नेपालको संविधान (२०७२) को भाग ३४ को धारा ३०६ को (ङ) मा सिमान्तकृत जनसंख्या भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि परेका, विभेद र उत्पीडित तथा भौगोलिक विकटताको कारणले सेवा सुबिधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका सङ्घीय कानुन बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिका समुदाय भनेर परिभाषित गरेको छ ।

नरैनापुर गाउँपालिकामा उत्पीडितहरूले १५.४५ प्रतिशत (५,४०० जना) हिस्सा ओगटेको छ। जसमा चमार/हरिजन/राम, दुसाध/पासवान/पासी, धोबी, दमाई/ढोली, तेली लगायतका अन्य दलित जातिहरू समावेश गरिएको छ । सामाजिक विभेदका रूपमा छुवाछुत जस्तो अमानवीय भेदभाव भोगिरहेको यो समुदायले राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रमा समेत उपेक्षाको सिकार हुनु परेको छ। यस समुदायका आधारभूत र माध्यामिक विद्यालयमा अध्ययनरत छात्र छात्राहरूको संख्या समेत तुलनात्मक रूपमा कम रहेको छ। परम्परागत शिल्पको धनी यो समुदायले आफ्नो कला र सीपलाई आर्थिक विपन्नता र सामाजिक उपेक्षाका कारण पनि अघि बढाउन नसकेको पाइन्छ। मुलुकी ऐन २०२० को कानुनी व्यवस्था अन्तर्गत जातीय छुवाछुतलाई कानूनी अपराधको रूपमा परिभाषित गरिएको ५ दशक भएपनि उत्पीडित र उपेक्षित समुदायले अद्यापि सार्वजनिक स्थल (मन्दिर) हरूमा प्रवेशका लागि स्थानीय निकायहरूसँग मिलेर चरणबद्ध अभियान सञ्चालन गर्नुपर्ने अवस्था कायमै रहेको छ। निजामती सेवा र गैर सरकारी सेवामा पनि यो समुदायको उपस्थिति अत्यन्तै न्युन छ। त्यसै गरी राजनीतिक क्षेत्रमा २०४६ साल यता यो समुदायले आफ्ना सामुदायिक संगठनहरू समेत निर्माण गरेको पाइन्छ। राजनीतिक नेतृत्वमा भने सीमित व्यक्तिहरूमात्र यस समुदायको प्रतिनिधित्व गरिरहेका छन्। यस समुदायका अधिकांश व्यक्तिहरू अदक्ष र अर्धदक्ष जनशक्ति कै रूपमा ज्याला, मजदुरी गरेर जीवनयापन गरिरहेको पाइन्छ। यस गाउँपालिकाको विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन विशेष अभियानकौ थालनी गर्नुपर्ने अवस्था देखिन्छ।

५.८ धर्मअनुसार जनसंख्याको विवरण

नेपालमा धार्मिक स्वतन्त्रता र विविधता रहेको छ । विधिवतरूपमा नेपालको अन्तरिम संविधान २०६३, अनुसार मिति २०६३ जेठ ४ मा पुर्नस्थापित संसदको ऐतिहासिक घोषणाले नेपाललाई एक धर्म निरपेक्ष राष्ट्रको रूपमा घोषणा गऱ्यो । त्यस्तै नेपालको संविधान २०७२ को प्रस्तावनामा नेपाललाई एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त राष्ट्रको रूपमा आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवम् प्रवर्द्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्ने उल्लेख गरिएको छ । फलस्वरूप नेपालमा धार्मिक स्वतन्त्रता र सौहार्दता रहेको पाईन्छ । पछिल्लो जनगणना अनुसार य स गाउँपालिकामा मुख्य गरी हिन्दु, ईस्लाम र बौद्धधर्म रहेको देखिन्छ । धर्मअनुसार जनसंख्याको वितरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ज्ञघ : धर्मअनुसार जनसंख्याको विवरण

धर्म	हिन्दु	बौद्ध	इस्लाम	किराँत	क्रिश्चियन	प्रकृति	उल्लेख नगरिएको	जम्मा
जनसंख्या	19017	21	15783	6	105	5	5	34942
प्रतिशत	54.42	0.06	45.17	0.02	0.30	0.01	0.01	100.00

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८

माथिको तालिका अनुसार धार्मिक दृष्टिकोणले हेर्दा यस गाउँपालिकामा अधिकांश हिन्दु र इस्लाम धर्मावलम्बीहरू रहेका छन्। पछिल्लो जनगणना अनुसार यहाँको कुल जनसंख्याको ५४.४२ प्रतिशत (१९,०१७ जना) हिन्दु, ४५.१७ प्रतिशत (१५,७८३ जना) इस्लाम धर्मावलम्बीहरू रहेका छन्। त्यसैगरी न्यून मात्रामा क्रिश्चियन, बौद्ध, किँरात, प्रकृति र उल्लेख नगरिएको धर्मावलम्बीहरू रहेको पाईन्छ। यसलाई तलको स्तम्भ चित्रबाट स्पष्ट पार्न सकिन्छ।



५.९ परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण

तालिका नं. ज्ञद्ध : परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण

वडा नं.	निजी	भाडा	संस्थागत	अन्य	जम्मा
1	927	2	2	3	934
2	827	4	0	0	831
3	709	0	0	0	709
4	858	1	0	0	859
5	1391	4	0	5	1,400
6	1170	3	1	1	1,175
जम्मा	5,882	14	3	9	5,908
प्रतिशत	99.56	0.24	0.05	0.15	100

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८

माथिको तालिकामा नरैनापुर गाउँपालिकाको परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण देखाइएको छ। यस गाउँपालिकामा जम्मा ५,९०८ घरधुरीहरूमध्ये आफ्नो स्वामित्वमा रहेको घरधुरी संख्या ५,८८२ (९९.५६ प्रतिशत), भाडामा बस्ने घरधुरी संख्या १४ (०.२४ प्रतिशत) रहेको देखिन्छ। संस्थागत घरधुरी संख्या ३ (०.०५ प्रतिशत) रहेको छ। त्यस्तै अन्य घरधुरीको संख्या ९ (०.१५ प्रतिशत) रहेका छन्। त्यस्तै परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरणलाई वडागत रूपमा तुलना गर्दा समग्र सबै वडाहरूमा अधिकांश घर निजी स्वामित्वमा रहेको देखिन्छ। यसलाई तलको स्तम्भ चित्रबाट प्रस्तुत गरिएको छ।



५.१० घरमूलीको लैङ्गिक विवरण

चौधौं योजनामा उल्लेख भए अनुसार महिला घरमूली २५.७ प्रतिशत, सम्पतिमाथि महिलाको स्वामित्व २६ प्रतिशत, महिला साक्षरता दर ५७.४ प्रतिशत र श्रम सहभागिता दर ५४ प्रतिशत रहेको छ । यसै तथ्याङ्कलाई आधार मानी यस गाउँपालिकामा महिला घरमूलिको विवरण उल्लेख गरिएको छ ।

तालिका नं. ज्ञछ : घरमुलीको लैङ्गिक विवरण

वडा	पुरुष	महिला	जम्मा
1	819	115	934
2	755	76	831
3	656	53	709
4	807	52	859
5	1318	82	1,400
6	1076	99	1,175
जम्मा	5431	477	5908
प्रतिशत	91.93	8.07	100

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८

सलवि.सं. २०६८ को केन्द्रीय तथ्याङ्कविभागको नतिजाअनुसार जम्मा ५,९०८ घरधुरी संख्या रहेको यस गाउँपालिकामा ९१.९३ प्रतिशत घरमा पुरुषहरू घरमूली छन् भने ८.०७ प्रतिशत घरहरूमा महिलाहरू घरमूली भएको देखिन्छ । गाउँपालिकाको वडागतरूपमा लैङ्गिक घरधुरीको तुलना गर्दा सबै वडाहरूमा पूरुष घरमूली बढि रहेको देखिन्छ । लैङ्गिक आधारमा पुरुष र महिला घरमूलीको बीचमा ८३.८५ प्रतिशतको ठूलो अन्तर रहेको देखिन्छ । जसको विस्तृत विवरण माथिको तालिकामा उल्लेख गरिएको छ । साथै यो विवरणलाई तलको स्तम्भचित्रमा समेत प्रस्तुत गरिएको छ ।



५.११ महिलाका नाममा भएको घरको स्वामित्वको विवरण

तालिका नं. ज्ञट : महिलाका नाममा भएको घरको स्वामित्वको विवरण

वडा नं.	घरको स्वामित्व महिलाको नाममा भएको	घरको स्वामित्व महिलाको नाममा भएकोनभएको	उल्लेख नगरिएको	जम्मा
1	20	899	15	934
2	4	827	0	831
3	25	676	8	709
4	12	843	4	859
5	6	1374	20	1,400
6	38	1127	10	1,175
प्रतिशत	105	5,746	57	5,908
जम्मा	1.78	97.26	0.96	100.00

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८

माथिको तालिकामा नरैनापुर गाउँपालिकामा महिलाका नाममा भएको घरको स्वामित्वको विवरण देखाइएको छ। जसमा महिलाको स्वामित्वमा रहेको घरधुरी संख्या १०५ (१.७८ प्रतिशत) र स्वामित्व नभएको घरधुरी संख्या ५,७४६ (९७.२६ प्रतिशत) रहेको छ भने उल्लेख नगरिएको घरधुरी संख्या ५७ (०.९६ प्रतिशत) रहेको छ। उक्त तथ्याङ्क अनुसार यस गाउँपालिकामा अझै पनि महिलाको जनजागरणमा विकास गर्न विभिन्न जनचेतनामुलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ। यसलाई तलको स्तम्भ चित्रबाट समेत देखाइएको छ।



५.१२ महिलाका नाममा भएको जग्गाको स्वामित्वको विवरण

तालिका नं. झठ : महिलाको नाममा भएको जग्गाको स्वामित्वको विवरण

वडा नं.	जग्गाको स्वामित्व भएको	जग्गामा स्वामित्व नभएको	उल्लेख नगरिएको	जम्मा
1	38	881	15	934
2	22	809	0	831
3	50	651	8	709
4	34	821	4	859
5	57	1323	20	1,400
6	77	1088	10	1,175
जम्मा	278	5,573	57	5,908
प्रतिशत	4.71	94.33	0.96	100.00

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८

यस नरैनापुर गाउँपालिकामा जग्गामा महिलाको स्वामित्व भएको घरधुरी संख्या २७८ (४.७१ प्रतिशत) र जग्गामा स्वामित्व नभएको महिलाको घरधुरी संख्या ५,५७३ (९४.३३ प्रतिशत) रहेको छ। उल्लेख नगरिएको घरधुरी संख्या ५७ (०.९६ प्रतिशत) रहेको छ। तसर्थ यस तथ्याङ्कले महिलाभन्दा पुरुषहरूमा नै जग्गाको स्वामित्व अत्यधिक रहेको देखाउँछ। राज्यले जग्गा रजिष्ट्रेशनमा महिलाको स्वामित्वलाई वृद्धि गर्न छुट दिने नीति अवलम्बन गरेबाट यसमा केहि सुधारका संकेतहरू देखिएका भए पनि यो पर्याप्त छैन। यसलाई तलको स्तम्भ चित्रबाट समेत स्पष्ट पार्न सकिन्छ।



५.१३ अनुपस्थित घरधुरी र जनसंख्याको विवरण

लामो समयसम्म विशेष काम जस्तै: नोकरी, वैदेशिक रोजगारी, अध्ययन, व्यवसाय वा अन्य प्रयोजनको लागि आफनो स्थायी वासस्थान छोडी अन्यत्र रहने जनसंख्याको हिस्सालाई अनुपस्थित जनसंख्या भनिन्छ । तसर्थ यस्तो जनसंख्या मुल थलोमा अनुपस्थित रहने भएकोले त्यसलाई अनुपस्थित जनसङ्ख्याको रूपमा तथ्याङ्कमा देखाउने गरिन्छ । तथ्याङ्क अनुसार यस गाउँपालिकाबाट विभिन्न पेशा, व्यापार, व्यवसाय, अध्ययन तथा आन्तरिक साथै वैदेशिक रोजगारको सिलसिलामा ठूलो सङ्ख्या अनुपस्थित रहेको देखिन्छ ।

तालिका नं. ज्ञड : अनुपस्थित घरधुरी र जनसंख्याको विवरण

जनगणना वर्ष	अनुपस्थित घरधुरी	उपस्थित घरधुरी	उल्लेख नगरिएको	जम्मा घरधुरी
2068	634	5252	22	5,908
प्रतिशत	10.73	88.90	0.37	100.00

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८

माथिको तालिकामा यस गाउँपालिकाको अनुपस्थित घरधुरीको विवरण देखाईएको छ । जसमा अनुपस्थित घरधुरी संख्या ६३४ (१०.७३ प्रतिशत) र ५,२५२ (८८.९० प्रतिशत) उपस्थित घरधुरी रहेको देखिन्छ भने उल्लेख नगरिएको घर संख्या २२ रहेको छ । यस प्रवृतिलाई कम गर्न स्थानिय स्तरमै आवश्यक आधारभूत सुविधा साथै रोजगारको अवसरको सिर्जना गर्नुपर्ने देखिन्छ ।

५.१४ बाहिरी गारोको आधारमा घरको बनोटको विवरण

तालिका नं. ज्ञढ : बाहिरी गारोका आधारमा घरको बनोटको विवरण

वडा नं.	माटोको जोडाइ भएको इँटा/ढुङ्गा	सिमेन्टको जोडाइ भएको इँटा/ढुङ्गा	काठ /फल्याक	बाँसजन्य सामग्री	काँचो इँटा	अन्य	उल्लेख नगरिएको	जम्मा
1	222	228	123	233	9	110	9	934
2	342	145	14	321	1	7	1	831
3	139	133	213	198	1	24	1	709
4	190	92	75	491	0	0	11	859
5	409	304	257	367	15	31	17	1,400
6	192	162	505	152	130	25	9	1,175
जम्मा	1,494	1,064	1,187	1,762	156	197	48	5,908
प्रतिशत	25.29	18.01	20.09	29.82	2.64	3.33	0.81	100

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८

माथिको तथ्याङ्कलाई हेर्दा यस नरैनापुर गाउँपालिकाको परिवारले प्रयोग गरेको घरको बाहिरी गारोको आधारमा बाँसजन्य सामाग्रीबाटबनेको सबैभन्दा धेरै घरधुरी संख्या १,७६२ (२९.८२ प्रतिशत) छ भने सबैभन्दा कम काँचो इँट्टाबाट बनेका बाहिरी गारो भएको घरधुरी संख्या १५६ (२.६४ प्रतिशत) रहेको छ। यसैगरी माटोको जोडाई भएको इँटा/ढुंगाबाट बाहिरी गारो भएको घरधुरी संख्या १,४९४ (२५.२९ प्रतिशत), काठ/फल्याकको ११८७ (२०.०९), सिमेन्टको जोडाइ भइको इँटा/ढुंगाको १,०६४ (१८.०१ प्रतिशत) रहेको छ भने अन्य र उल्लेख नगरिएको २४५ (४.१४ प्रतिशत) घरधुरी संख्या रहेको देखिन्छ। त्यस्तै वडागत रूपमा घरको बाहिरी गारोको आधारमा हेर्ने हो भने वडा नं. ४ माबाँसजन्य सामग्रीबाट बनेको सबैभन्दा धेरै घरधुरी रहेको देखिन्छ। यसलाई तलको स्तम्भ चित्रबाट देखाउन सकिन्छ।



५.१५ छानाको आधारमा घरको बनोटको विवरण

तालिका नं. ६ण : छानोको आधारमा घरको बनोटको विवरण

वडा नं.	खर/पराल/छ्वाली	जस्ता/टिन/च्यादर	टायल/खबडा/झिँगटी/ढुङ्गा	सिमेन्ट/ढलान	काठ/फल्याक	अन्य	उल्लेख नगरिएको	जम्मा
1	526	5	10	373	12	0	8	**934**
2	407	0	3	418	1	1	1	**831**
3	463	14	33	197	0	0	2	**709**
4	580	15	50	184	18	0	12	**859**
5	678	15	153	525	13	2	14	**1,400**
6	875	4	63	215	8	0	10	**1,175**
जम्मा	3,529	53	312	1,912	52	3	47	**5,908**
प्रतिशत	59.73	0.90	5.28	32.36	0.88	0.05	0.80	100.00

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८

यस नरैनापुर गाउँपालिकामा भएका घरधुरीहरूलाई छानाको बनोटको आधारमा छुट्याउँदा खर/पराल/छ्वालीको छानो भएको घरधुरी संख्या सबैभन्दा धेरै ३,५२९ (५९.७३ प्रतिशत) रहेको छ । सबैभन्दा कम काठ/फल्याकको छानो भएको घरधुरी संख्या ५२ (०.८८ प्रतिशत) रहेको छ । यसैगरी दोस्रोमो सिमेन्ट/ढलान छानो भएको घरको १,९१२ (३२.३६ प्रतिशत), टायल, खबडा, झिँगटी तथा ढुङ्गाकोछाना भएको घरधुरी संख्या ३१२ (५.२८ प्रतिशत), जस्ता, टिन तथा च्यादरको छानो भएको घरधुरी संख्या ५३ (०.९० प्रतिशत), अन्य घरधुरी ३ (०.०५ प्रतिशत) र उल्लेख नगरिएको घरधुरी ४७ (०.८० प्रतिशत) रहेका छन् । यसलाई तलको स्तम्भ चित्रबाट देखाउन सकिन्छ ।



५.१६ जगको आधारमा घरको बनोटको विवरण

तालिका नं. द्दज्ञ : जगको आधारमा घरको बनोटको विवरण

वडा नं.	माटोको जोडाइ भएको इँटा/ढुङ्गा	सिमेन्टको जोडाइ भएको इँटा/ढुंगा	ढलान पिल्लर सहितको	काठको खम्बा गाडेको	अन्य	उल्लेख नगरिएको	जम्मा
1	250	199	1	474	1	9	**934**
2	403	90	0	337	0	1	**831**
3	179	100	5	418	6	1	**709**
4	217	66	4	561	0	11	**859**
5	500	207	1	656	19	17	**1,400**
6	261	112	6	775	12	9	**1,175**
जम्मा	1,810	774	17	3,221	38	48	**5,908**
प्रतिशत	30.64	13.10	0.29	54.52	0.64	0.81	100.00

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८

नरैनापुर गाउँपालिकाका परिवारमध्ये काठको खम्बा गाडेको जग भएका घरधुरी सङ्ख्या ३,२२१ सबैभन्दा बढी अर्थात् (५४.५२ प्रतिशत) छन् । त्यसैगरी माटोको जोडाइ भएको इँटा तथा ढुङ्गाबाट बनेको घरको जग भएका घरधुरी १८१० (३०.६४ प्रतिशत), सिमेन्टको जोडाइ भएको इँटा तथा ढुंगाको जग भएको घरको संख्या ७७४ (१३.१० प्रतिशत) र ढलान पिलर सहितको जग भएको घरको सङ्ख्या १७ (०.२९ प्रतिशत) रहेको छ । त्यस्तै अन्य घरधुरी संख्या ३८ (०.६४ प्रतिशत) र उल्लेख नगरिएका घरधुरी संख्या ४८ अर्थात् (०.८१ प्रतिशत) रहेका छन् । यसलाई तलको स्तम्भ चित्रबाट समेत देखाउन सकिन्छ ।



५.१६.१ घर निर्माणका किसिमहरू

नरैनापुर गाउँपालिका भित्र रहेका घरको स्वरूपलाई हेर्दा सबैभन्दा बढि घरको जग काठको खम्बाबाट बनेको पाईयो जसले कुल घरहरू मध्ये ५४.५२ प्रतिशत ओगटेको देखिन्छ । यसैगरी कुल घरहरू मध्ये सबैभन्दा बढी घरको बाहिरी गाह्रो बाँसजन्य सामाग्रीबाट बनेको घरहरू २९.८२ प्रतिशत र सबैभन्दा बढी घरको छाना खर/पराल/छ्वालीबाट बनेको ५९.७३ प्रतिशत रहेको छ । यसरी घरको जग र बाहिरी गारोको आधारमा हेर्ने हो भने यो गाउँपालिकाका धेरैजसो घरहरू भूकम्प जस्ता प्राकृतिक प्रकोपको जोखिममा रहेको बुझ्न सकिन्छ । तसर्थ नेपाल विश्वमै भूकम्पीय जोखिम अत्यधिक भएको क्षेत्रमा पर्ने हुँदा भूकम्प प्रतिरोधी घर निर्माणमा व्यापक प्रचारप्रसार र जनचेतना अभिवृद्धि गरी ठोस नीति निर्माण गर्नुपर्ने देखिन्छ ।

५.१७ गाउँपालिकाको मतदाता संख्या विवरण

यस गाउँपालिकामा २०७४ भाद्र ५ गते सम्म १८ वर्ष पुरा भएका मतदाता संख्या १५,९११ रहेका छन् । यस गाउँपालिकामा मतदाता संख्या महिलाको तुलनामा पुरुष ३१४९ जनाले बढी रहेका छ । जहाँ पुरुषको संख्या ९,५३० जना र महिलाको संख्या ६,३८१ जना रहेको छ । यस गाउँपालिकामा ६ ओटै वडामा १२ ओटा मतदान केन्द्र रहेका छन् यसको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ६६ : गाउँपालिकाको मतदाता विवरण

क्र.सं.	वडा नं.	मतदान केन्द्र	मतदाता संख्या		
			पुरुष	महिला	जम्मा
1	1	ने.रा.प्रा.वि, बानियाँगाउँ	799	543	1342
2		ने.रा.प्रा.वि, महतनिया	606	349	955
3	2	आदर्शनगर प्रा.वि., लक्ष्मणपुर	711	410	1121
4		गा.वि.स भवन, मियापुर	717	523	1240
5	3	गा.वि.स भवन, बालापुर	1331	831	2162
6	4	कृषि सेवा केन्द्र, नरैनापुर	665	412	1077
7		ने.रा.प्रा.वि, जयरामपुरुवा	835	511	1346
8	5	ने.रा.प्रा.वि, जमुनहा	769	516	1285
9		ने.रा.प्रा.वि, भगवानपुर	461	346	807
10		महेन्द्र मा.वि., मटेहिया	839	593	1432
11	6	जय किसान माध्यमिक विद्यालय, जमुनी	921	748	1669
12		ने.रा.प्रा.वि, कोदरबेटवा	876	599	1475
		जम्मा	9530	6381	15911

स्रोत : निर्वाचन आयोग, २०७४

माथिको तालिकामा महिलाको राजनैतिक सहभागिताको स्तर एकदमै न्यून भएको देखिन्छ । मतदान अधिकार कुनै पनि नागरिकको आधारभूत अधिकार हो । यो गाउँपालिकामा पुरुष मतदाता र महिला मतदाताको यो भिन्नताले मतदान गर्ने उमेर पुरा गरेका महिलाहरूमध्ये ठूलो सङ्ख्यामा महिलाहरू मताधिकारबाट वञ्चित भएको कुरा देखाउँछ । यस तथ्याङ्कले नरैनापुर गाउँपालिकामा महिलाको सामाजिक, शैक्षिक, राजनैतिक स्तर र निर्णय प्रक्रियामा उनीहरूको पहुँच एकदमै कमजोर रहेको तथ्य प्रतिविम्बित गर्दछ ।

खण्ड ६ : भू-उपयोग

६.१ गाउँपालिकाको भू-उपयोगको विवरण



नक्सा नं. घ : नरैनापुर गाउँपालिकाको भू-उपयोग

तालिका नं. द्घ : भू-उपयोग विश्लेषण

विवरण	वडाको क्षेत्रफल (वर्ग कि.मि. मा)						जम्मा	प्रतिशत
	1	2	3	4	5	6		
वनजंगल	17.75	17.07	10.74	24.41	17.80	6.62	94.39	54.77
खेतियोग्य जमिन	8.16	8.56	7.53	12.09	10.03	9.60	55.97	32.48
झाडी				0.41	6.92	2.11	9.44	5.48
बालुवा	0.27	0.55	0.01	0.71	2.49	0.96	4.99	2.90
अवासीय क्षेत्र	0.30	0.48	0.36	0.45	0.66	0.65	2.91	1.69
ज्लाशय	0.00	0.06	0.05	0.03	1.14	0.38	1.66	0.96
बाँझो जमिन	0.01			0.00	0.07	0.47	0.55	0.32
अन्य (खुला क्षेत्र, बँगैचा, घाँस)	0.54	0.59	0.51	0.24	0.31	0.23	2.42	1.41
जम्मा	27.04	27.31	19.20	38.35	39.41	21.02	172.34	100.00

स्रोत : नापी विभाग २०७४

नरैनापुर गाउँपालिकाको विद्यमान भू-उपयोगको अवस्था हेर्दा गाउँपालिकाको कुल क्षेत्रफल १७२.३४ वर्ग कि.मि. मध्ये ३२.४८ प्रतिशत (५५.९७ वर्ग कि.मि.) जग्गा हाल खन-जोत हुने उपयुक्त जमिनको रूपमा रहेको छ भने ५४.७७ प्रतिशत (९४.३९ वर्ग कि.मि.) वनले ओगटेको छ । खेतीयोग्य जमिनमध्ये अधिकांश जमिन मौसमी वर्षामा निर्भर रहेको छ । विभिन्न खोलानालाको किनारमा अवस्थित यस गाउँपालिकाको खेतीयोग्य जमिनको उर्वराशक्ति उच्च रहेको छ। त्यस्तै यस गाउँपालिकामाझाडी क्षेत्रले ५.४८ प्रतिशत (९.४४ वर्ग कि.मि.) जग्गा ओगटेको पाइन्छ । गाउँपालिकामा २.९० प्रतिशत (४.९९ वर्ग कि.मि.) जमिन बालुवा तथा बगर क्षेत्रले ओगटेको छ भने आवासीय क्षेत्रले १.६९ प्रतिशत (२.९१ वर्ग कि.मि.), जलाशयले ०.९६ प्रतिशत (१.६६ वर्ग कि.मि.) र अन्यले १.४१ प्रतिशत (२.४२ वर्ग कि.मि.) ओगटेको छ । गाउँपालिकामा माटोको बनावट, खेतीयोग्य जमिन, संरक्षित क्षेत्र, बस्तीयोग्य क्षेत्र आदिको विस्तृत अध्ययनको आधारमा गाउँपालिकावासीहरूको आर्थिक हैसीयत वृद्धि गर्न र वातावरणमा प्रतिकुल असर पर्न नदिन के-कस्ता उत्पादन प्रणाली तथा नीतिहरू अवलम्बन गर्न सकिन्छ भन्ने विषयमा विस्तृत अध्ययन गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

६.२ गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

तालिका नं. द्द : गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

क्र सं	संभावित प्रकोप	विद्यमान अवस्था	समय
१	भुकम्प	भूकम्पिय जोखिमका दृष्टिले नेपाल विश्वको ११ औँ स्थानमा रहेको र गाउँपालिकामा भुकम्प प्रतिरोधात्मक भवन कमै मात्रामा भएको, भवन आचार संहिता पूर्ण रूपमा लागु नभएको ।	जुनसुकै समयमा
२	बाढी	गाउँपालिकामा विशेषतः साना ठुला नदि/खोलाहरू बग्ने गरेको र वर्षायाममा नदी तथा खोलाहरूले आसपासका भुभागहरू बर्षेनी डुवान र कटान गरी क्षति पुऱ्याईरहेको छ। यसको कारण बर्षेनी धेरै संख्यामा परिवारहरू प्रभावित भैरहेका छन् ।	जेष्ठ–असोज
३	आगलागी/ढेलो	गाउँपालिकाको धेरै जसो भु–भागमा घनाबस्ती रहेका अति विपन्न समुदायका घरहरू, सचेतना अभाव, अग्नी नियन्त्रण यन्त्रको अभाव, हावाहुरी चलेको बेला खाना पकाउनु र चुल्होमा आगो राख्ने चलन रहनु, चुल्होमा आगो सल्काउँदा मट्टीतेलको प्रयोग गर्नु र सलाई लाईटर जस्ता आगो बाल्ने वस्तुहरू बच्चाले खेलाउँदा आगलागीका घटना बढी हुने गरेको।	चैत्र–जेष्ठ
४	महामारी	बाढी पश्चात् प्रकोपका रूपमा झाडापखाला लगायतका पानी जन्य रोग बढ्ने गरेको, स्रोत साधन अभाव र जनचेतनामा कमी, अनुकूल क्षमताको अभाव।	विपद् पछि, अन्य समयमा
५	वर्डफ्लु, अन्य फ्लु	अव्यवस्थित कुखुरा पालन, स्वाइन फ्लु, आदि	जुनसुकै समयामा
६	किट आतंक	जलवायु परिवर्तन, अत्यधिक विषादि प्रयोगका कारण लाभकारी चरा, किरा तथा मित्र जीव लोप हुँदै गइरहेका	खेती मौसम
७	चट्याङ, असिना	बढी जसो बर्षायाम र पानी परेको समयमा	जुनसुकै समयमा
८	शितलहर	चिसोको मात्रा बढ्दै गएको समयमा विपन्न बस्ती बढी प्रभावित	पुस–माघ

खण्ड ७ : आर्थिक क्षेत्र तथा रोजगार स्थिति



नक्सा नं. द्ध : गाउँपालिकाको आर्थिक पूर्वाधारको नक्सा

७.१ आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

नक्सा नं. छ : आर्थिकरूपले सक्रिय जनसङ्ख्याको अवस्था

कुल जनसंख्या	पूरुष	महिला	आर्थिकरूपले सक्रिय जम्मा जनसंख्या
34,942	9475 (51.06%)	9081 (48.94%)	18556 (53.11%)

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८

यस गाउँपालिकामा १५ वर्षदेखि ५९ वर्षसम्मका आर्थिकरूपले सक्रिय जनसंख्याको विवरण देखाइएको छ। जसमा पुरुषको संख्या ९४७५ (५१.०६ प्रतिशत) र महिलाको संख्या ९,०८१ (४८.९४ प्रतिशत) देखिन्छ। आर्थिक रूपले सक्रिय जनसंख्यामा लैगिंक रूपमा महिलाको भन्दा पुरुषको सङ्ख्या बढि रहेको देखिन्छ । त्यस्तै गाउँपालिकाको कुल जनसंख्याको १८,५५६ अर्थात् ५३.११ प्रतिशत जनसंख्या आर्थिक रूपले सक्रिय छन्। आर्थिकरूपले निस्क्रिय जनसङ्ख्या ४६.८९ प्रतिशत छन्। जसको विस्तृत विवरण तलको तालिकामा देखाइएको छ।

७.२ आश्रित जनसंख्याको विवरण

तालिका नं. द्दछ : आश्रित जनसंख्याको विवरण

जनगणना वर्ष	आश्रित बालबालिका (०-१४)		आश्रित बृद्धबृद्धा (६० वा सोभन्दा माथि)		जम्मा आश्रित	
	जम्मा	प्रतिशत	जम्मा	प्रतिशत	जम्मा	प्रतिशत
2068	7,075	51.41	6,686	48.59	13,761	39.38

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८

गाउँपालिकामा आश्रित जनसंख्या (०-१४ वर्ष उमेर समूहका आश्रित बालबालिका र ६० वर्ष वा सोभन्दा माथिका आश्रित बृद्धबृद्धाहरू) को संख्या र प्रतिशतलाई देखाइएको छ। आश्रित जनसङ्ख्या मध्ये बालबालिकाको संख्या ७,०७५ (५१.४१ प्रतिशत) भनेवृद्धवृद्धाहरूको सङ्ख्या ६,६८६ (४८.५९ प्रतिशत) देखिन्छ । कुल जनसङ्ख्यामध्ये जम्मा आश्रित जनसंख्या १३,७६१ (३९.३८ प्रतिशत) देखिन्छ । जसको विस्तृत विवरण माथिको तालिकामा उल्लेख गरिएको छ ।

खण्ड ८ : भौतिक तथा सार्वजनिक पूर्वाधार



नक्सा नं. ट : गाउँपालिकाको भौतिक तथा सार्वजनिक पूर्वाधार

८.१ सडक तथा यातायात



नक्सा नं. ठ : गाउँपालिकाका सडक सतहको नक्सा



नक्सा नं. ड : गाउँपलिकाका सडकहरूको चौडाइ अनुसारको नक्सा

(क) बिद्यमान सडक सञ्जाल

नरैनापुर गाउँपालिकाका विभिन्न स्थानमा सडक यातायातलाई बिस्तार गर्ने र सम्पूर्ण गाउँबासीहरूलाई सहज यातायातको व्यवस्था गर्ने क्रम जारी छ ।

तालिका नं. द्दट : गाउँपालिकामा भएको सडक सञ्जालको विवरण

सि.नं.	सडक सञ्जाल	सडकको लम्बाइ
1	नेपालगञ्ज-बगौडा (हुलाक सडक)	20.13
2	अमरधाम आश्रम-जंगल जाने सम्म	0.27
3	बँगैचा चोक-हुलाकी राजमार्ग-वडा कार्यालय ५	1.56
4	विजयपुर-नरैनापुर बगौडा सडक	10.47
5	बमलेपुर -ने.रा.प्रा.वि.-नेपाल भारत सीमा सडक	1.96
6	बचवा गाउँ सडक (ग)	0.25
7	बचवा गाउँ सडक (क)	0.29
8	बचवा गाउँ सडक (ख)	0.47
9	बचहवा -मदन ताल	0.19
10	भगवानपुर चोक-दिपिन प्रा.वि स्कुल-नेवाजी गाउँ	1.12
11	भोजपुर-वडा नं. ५ को सिमाना सडक	1.03
12	बिठानगर चोक-उत्तर सम्म जोड्ने सडक	0.59
13	बोर्डर-हुलासपुरुवा-राजमार्ग सडक	1.64
14	बसपार्क-रामपुर	2.07
15	चौबिस बिगाहा गाउँ-स्वास्थ्य चौकी सडक	0.33
16	दौलतपुर-पर्सारापुर	2.07
17	दोन्द्राचोक - नयाँबस्ती -हलाकीमार्ग	1.66
18	गंगापुर बस्ती सडक	0.39
19	गंगापुर-सुन्दरमुन्दर जाने बाटो	0.65
20	गंगापुर-बानियागाउँ-नेपाल भारत सीमा सडक	2.47
21	गंगापुर-राप्ती नदी सडक	0.45
22	घोरदौरिया-हुलाकी राजमार्ग	1.05
23	गोगली चोकबाट हुलाक राजमार्ग	0.05
24	नयाँ बस्ती नयाँ मन्दिर सडक	0.69
25	हुलाकी राजमार्गबाट मोतिपुर जाने सडक	1.10
26	रामजानकी मन्दिर राजमार्ग	0.12
27	हुलाक राजमार्गबाट गोगली चोक-जंगल सम्म	2.19
28	हुलाकी राजमार्ग-हेल्थपोष्ट सडक	1.05
29	हुलाकी राजमार्गबाट महेशपुर हुँदै राप्ती खोला	0.79
30	हुलाकी राजमार्गबाट रामजानकी मन्दिर हुँदै मटेहिया चोक सडक	0.62
31	हुलाकी राजमार्ग -दोन्द्रा भोजपुर सडक	1.33
32	हुलाकी राजमार्ग -जयरामपुर-दौलतपुर	1.67

सि.नं.	सडक सञ्जाल	सडकको लम्बाइ
33	हुलाकी राजमार्ग - महादेउ नगर-गेरुवा पाटी मा.वि. सम्म	0.95
34	हुलाकी राजमार्ग -मोतिपुर नयाँ बस्ती-जंगल सडक	1.35
35	हुलाकी राजमार्ग -खोदुवागाउँ -गोर्बधन कुटी सडक	1.25
36	हुलाकी सडक-बगैंचा-महेन्द्र मा.वि. भग्वानपुर सडक	2.87
37	हुलाकी सडक - वडा कार्यालय-जमुनी -गंगापुर सडक	2.19
38	जामुनी गाउँ-खोला बसपार्क	1.05
39	जयाकोटी माटा-जंगल जाने बाटो सम्मको सडक	0.21
40	कालागाउँ-बालापुर -बहुपुरुवा-नेपाल मभारत सीमा सडक	4.43
41	कटकुइया-पान थान जंगल सम्म	3.27
42	कोडिपरुवा-बहुपुरुवा	1.07
43	खोला-सुनवर्षा	3.40
44	खोला गाउँबाट जंगल जाने बाटो	1.51
45	खोलागाउँ -कोखर्वा नाला	0.98
46	लक्ष्मणपुर -कल्याण खोला	0.98
47	लक्ष्मणपुर -मर्कवाङ रंगशाला	1.65
48	लक्ष्मणपुर गाउँ-चौबिस बिगाहा गाउँ सडक	0.86
49	मस्जिद-सुइयानाला	0.35
50	मटेहिया- महेशपुर	1.11
51	मटेहिया सडक १	0.17
52	मटेहिया सडक २	0.07
53	मटेहिया सडक ३	0.07
54	मटेहिया सडक ४	0.10
55	मटेहिया -गोर्कणेश्वर-हुलाक सडक	0.69
56	मियापुरुवा चोक -सुन्दरमुन्दर	4.48
57	मोतिपुर बीच सडक	0.20
58	मोतिपुर चकक्रपथ सडक	0.69
59	मोतिपुर सडक बी	0.36
60	मोतिपुर सडक सी	0.03
61	मोतिपुर सडक ई	0.10
62	मोतिपुर सडक एफ	0.12
63	हुलाकी राजमार्ग नरैनापुर गाउँ	0.37
64	हुलाकी राजमार्ग नरैनापुर	0.65
65	नयाँ बस्ती -स्वास्थ्य चौकी-चौबिसे गाउँ	0.91
66	नेपाल भारत सीमा-सुइयागाउँ (पूर्व पाटी) सडक	0.51
67	नेपाल माध्यमिक विद्यालय-दौलतपुर, माथिको जंगलसम्म जाने सडक	1.68
68	नेवाजीगाउँ-हुलाकी राजमार्ग	0.93

सि.नं.	सडक सञ्जाल	सडकको लम्बाइ
69	पोखरी-वडा नं. २ को सिमाना सम्म जाने सडक	0.64
70	पोलिस स्टेशन -भगवानपुर गाउँ सडक	0.28
71	हुलाकी राजमार्ग -जमुनाहा राजमार्ग	1.76
72	हुलाकी राजमार्ग-जंगल सम्म जाने सडक	1.44
73	हुलाकी राजमार्ग -नरैनापुर -पर्सारामपुरसडक	1.60
74	हुलाकी राजमार्ग -नेवाजी गाउँ जाने सडक	1.16
75	रामपुर गाउँ -जंगल सम्म जाने सडक	0.36
76	राप्ती सुनारी -वडा नं. ५ को सिमाना सम्म जाने सडक	4.11
77	रोशन पुरियाको घर - माझरेटी-जंगल सम्म जाने सडक	1.97
78	रोशनपुरुवा-बेउचहवा चोक -हुलाकी राजमार्ग	2.18
79	सिमा प्रहरी चेकपोष्टबाट काली मन्दिर सडक-नेपाल भारत सिमाना सडक	1.86
80	सोनवर्षा -देउपुरा सडक	0.75
81	सोनवर्षा - खोला - बाईपास सडक	0.65
82	सोनवर्षा - राप्ती नदी सडक	0.38
83	सोनवर्षा - राप्तीसोनारी गाउँपालिका जाने बाटो	0.33
84	सूइया चोक -चाटकि सूयया-नेपाल भारत सीमासडक	1.30
85	सूइ चोक -नेपाल भारत सीमा सडक (पूर्व)	1.36
86	वडा नं. १ कार्यालयदेखि दक्षिण सडक	0.54
87	वडा ३ कार्यालय - सेमारहना गाउँ सम्म जाने सडक	0.58

स्रोत: स्थलगत सर्भेक्षण २०७५

(ख) यातायात सेवा

यस नरैनापुर गाउँपालिकाका सबै क्षेत्रहरूमा बाह्रै महिना चल्ने सडक सञ्जाल बिस्तार हुन सकेको देखिँदैन । गाउँपालिकामा उत्पादित विभिन्न कृषि उपजहरू जस्तै खाद्यान्न, तरकारी, तेलहन, दलहन, फलफूल, दुग्ध उत्पादन आदिको राम्रो उत्पादन भैरहेकोमा गाउँपालिकाका सबै वडाहरूमा बाह्रै महिना सवारी साधन चल्ने सडकको सुविधा नभएकोले उत्पादित वस्तुलाई बजारसम्म पुऱ्याउन कठिनाई भएको देखिन्छ। गाउँपालिकाका सबै वडाहरूमा बाह्रै महिना सवारी साधन चल्ने सडकको बिस्तार नभएकोले आन्तरिक यातायातको भरपर्दो सुविधा नभएको हुँदा गाउँपालिकावासीहरूलाई समयमै आवश्यक उपचार तथा औषधिको सेवा र बजारमा पहुँच पुऱ्याउन सकिएको छैन। गाउँपालिकामा यातायातका विभिन्न साधनहरूको उपयोग भएको देखिन्छ। नरैनापुर गाउँपालिकामा यातायातका लागि ट्र्याक्टर, जिप, कार, बस, ट्र्याक्सी, मोटरसाइकलहरूको समेत उपयोग गरिएको देखिन्छ। गाउँपालिकाका सबै वडाहरूमा बाह्रै महिना सुचारु हुने गरी सडकमार्गहरूको स्तरोन्नति गर्नुपर्ने देखिन्छ ।

सडक यातायातको लागि आवश्यक विभिन्न पूर्वाधारहरू जस्तैः सवारी साधन पार्किङ स्थल, बस स्टप, यात्रु प्रतिक्षालय, सडक बत्ती, पैदलयात्रीले सडक पार गर्ने जेब्रा क्रसिङ, सडक सङ्केत चिन्ह, बसको अन्तिम बिसौनी सम्बन्धी सेवा सुविधाहरू व्यवस्थित रूपमा विकास गर्नु पर्ने देखिन्छ।

८.२ सञ्चार

सूचना र प्रविधिमा भएका नविनतम खोज तथा विकासले गाउँ, समुदाय, देश, अन्तरदेशलाई एउटा सीमाहिन विश्व समुदायको रूपमा रूपान्तरित गरिदिएको छ। दिनानुदिन सञ्चार प्रविधिको प्रयोग विस्तारित भइरहेको छ। सन् १९९० सालको दशकमा सिमित जनसंख्याले प्रयोग गर्ने सञ्चारका माध्यामहरू हाल आधारभूत आवश्यकतामा परिणत भएको छ। ११०.३ प्रतिशत टेलिफोनको घनत्व ४६.५ प्रतिशत इन्टरनेटका प्रयोगकर्ता, रेडियोको राष्ट्रिय प्रसारणमा ८८ प्रतिशत पँहुच रहेको तथ्याङ्कले सञ्चार क्षेत्रको तीब्र विकास र विकासका अन्य क्षेत्रमा यसको प्रभाव दर्शाउँछ। हाल पत्रपत्रिका, रेडियो र टि.भि.को प्रयोग अत्यधिक मात्रमा बढ्दै गएको छ। नरैनापुर गाउँपालिकामा एफ.एम र रेडियो नेपाल लगायत विभिन्न स्टेसनहरू जिल्ला तथा केन्द्रबाट सिधा प्रशारण भएको सुन्न सकिन्छ। गाउँपालिकाका सबै वडाहरूमा नेपाल टेलिकम र एनसेल दुवैको 3G Network सेवा उपलब्ध गराएको छ।यस गाउँपालिकामा मनोरञ्जनको टि.भि. कार्यक्रमका लागि प्रकाश टि. भी. नेटवर्क प्रा.लि. र व्लेजन स्पेश केवल नेटवर्क प्रा.लि.का साथै स्याटेलाईट च्यानल प्रसारकहरूले समेत सेवा प्रदान गर्दै आईरहेका छन।

८.२.१ हुलाक सेवा

गाउँपालिकामा आधा शताब्दीदेखि सञ्चार क्षेत्रमा सेवा पुऱ्याइरहेको हुलाक सेवा हाल गाउँपालिकाका विभिन्न वडाहरूमा कार्यरत छ. हुलाक कार्यालयले गाउँपालिकाभित्र र गाउँपालिका बाहिर एवम् विदेशमा समेत हुलाक सेवा प्रदान गरिरहेको छ। हुलाक सेवा अन्तर्गत साधारण चिठीपत्रहरू, रजिष्ट्री पत्रहरू, बिमा पुलिन्दा, धनादेश सेवा र बचत सेवाहरू सञ्चालित छन्। यद्यपी सञ्चार र यातायातको तीब्र र उच्च विकासले हुलाक सेवा प्रयोगकर्ताको संख्या न्यून हुँदै गैरहेको छ। गाउँपालिकामा रहेको हुलाक सेवा विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

८.३ विद्युत्

८.३.१ बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण

यस नरैनापुर गाउँपालिकाका सबै वडाहरूमा विद्युत् मर्मत सम्भार, महसूल असुली तथा विद्युतीकरण योजनाको कार्यान्वयन नेपाल विद्युत प्राधिकरणले गर्दै आएको छ। राष्ट्रिय जनगणना २०६८ (सन् २०११) को तथ्याङ्कअनुसार दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनमा मट्टीतेल प्रमुख स्रोतको रूपमा रहेको देखिन्छ। यस गाउँपालिकामा बत्ती बाल्न मट्टीतेल प्रयोग गर्नेको घरधुरी संख्या ४,२६३ (७२.१६ प्रतिशत) रहेको छ। त्यस्तै ६३२ (१०.७० प्रतिशत) घरधुरीले सोलार, ३५ (०.५९ प्रतिशत) ले विजुलीर १५ (०.२५ प्रतिशत) घरधुरीले गोबर ग्याँसको प्रयोग गरेको देखिन्छ। यस गाउँपालिकामा बत्ती बाल्नको लागि अन्य स्रोतहरूको प्रयोग गर्ने घरधुरी संख्या ९२३ (१५.६२ प्रतिशत) रहेको देखिन्छ। त्यस्तै वडागत रूपमा सबैभन्दा बढी विद्युतको प्रयोग

गर्ने वडा नं. ५ रहेको देखिन्छ जसमा १३ घरधुरीले विद्युत्को प्रयोग गरेको देखिन्छ भने वडा नं ६ मा शुन्य परिवारले विद्युत्को प्रयोग गरेको पाइन्छ । समग्रमा यस गाउँपालिकामा विद्युत्को पहुँचबाट यहाँका घरधुरीहरू टाढा रहेका छन् । यस क्षेत्रमा विद्युतको पहुँचको लागि नेपाल सरकार र सम्बन्धित निकायहरूले पहल गर्नु पर्ने देखिन्छ । जसको विस्तृत विवरण तलको तालिका र स्तम्भ चित्रबाट स्पष्ट पार्न सकिन्छ ।

तालिका नं. ६ठ : बत्ती बाल्न प्रयोग गरिने स्रोत

वडा नं.	बिजुली	मट्टीतेल	गोबरग्याँस	सोलार	अन्य	उल्लेख नगरिएको	जम्मा
1	8	874	0	42	2	8	934
2	2	718	1	88	21	1	831
3	6	377	0	127	197	2	709
4	6	730	4	103	9	7	859
5	13	752	8	179	436	12	1,400
6	0	812	2	93	258	10	1,175
जम्मा	35	4,263	15	632	923	40	5,908
प्रतिशत	0.59	72.16	0.25	10.70	15.62	0.68	100.00

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८



८.३.२ खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण

तालिका नं. ६ड : खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण

वडा नं.	काठ/ दाउरा	मट्टीतेल	एल.पी. ग्याँस	गुइँठा/ ठोरहा	गोबरग्यास	अन्य	उल्लेख नगरिएको	जम्मा
1	907	18	0	1	0	0	8	934
2	819	10	0	1	0	0	1	831
3	688	7	5	5	1	1	2	709
4	841	12	0	0	0	0	6	859
5	1344	26	0	13	3	2	12	1,400
6	1152	12	0	1	0	0	10	1,175
जम्मा	5,751	85	5	21	4	3	39	5,908
प्रतिशत	97.34	1.44	0.08	0.36	0.07	0.05	0.66	100

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८

वि.सं. २०६८ को जनगणनाअनुसार नरैनापुर गाउँपालिकामा परिवारमा खाना पकाउन प्रयोग गरिने प्रमुख इन्धनको रूपमा काठ तथा दाउरा सबैभन्दा बढी ५,७५१ घरधुरी वडा नं.मा (९७.३४ प्रतिशत) रहेको छ। यसैगरी दोस्रोमा मट्टीतेल प्रयोग गर्ने ८५ (१.४४ प्रतिशत), गुइँठा/ठोरहा प्रयोग गर्ने २१ (०.३६ प्रतिशत), एल.पी. ग्याँस प्रयोग गर्ने घरधुरी संख्या ५ (०.०८ प्रतिशत), गोबर ग्याँस प्रयोग गर्ने घरधुरी संख्या ४ (०.०७ प्रतिशत) र उल्लेख नगरिएका साधनको प्रयोग गर्ने घरधुरी ३९ (०.६६ प्रतिशत) रहेको देखिन्छ। वडागत रूपमा हेर्दा वडा नं. ५ मा सबैभन्दा बढी काठ तथा दाउराको प्रयोग गर्ने घरधुरी संख्या रहेको देखिन्छ। जसलाई तलको स्तम्भ चित्रबाट पनि स्पष्ट पार्न सकिन्छ।



वैकल्पिक उर्जाको वर्तमान स्थिति र जनताले यस क्षेत्रमा देखाएको आकर्षणलाई हेर्दा वैकल्पिक उर्जाको क्षेत्रमा ध्यान दिनुपर्ने देखिन्छ। यहाँका केहि भागहरूमा गोबरग्याँसको लागि उपर्युक्त रहेकोले र अधिकांश बासिन्दाहरू कृषि, पशुपालन पेशामा संलग्न रहेको कारणले पशुहरूबाट प्राप्त गोबरलाई पूर्णरूपमा प्रयोग गर्न सके वन अतिक्रमण रोकिनुको साथै महिलाहरूको स्वास्थ्यमा पर्ने नकारात्मक असर समेत न्यूनीकरण हुने हुँदा यसको लोकप्रियतामा वृद्धि हुँदै गएको देखिन्छ।

खण्ड ९ : सामाजिक पूर्वाधार तथा सेवा



नक्सा नं. ढ : गाउँपालिकाको सामाजिक पूर्वाधारको नक्सा

९.१ शिक्षा

चौधौ योजनाको ५ वटा रणनीतिक स्तम्भहरूमध्ये शैक्षिक पूर्वाधारको विकास र गुणस्तर वृद्धि पनि एक हो । कुनै पनि देशको सामाजिक तथा आर्थिक विकासमा शिक्षाले ठूलो भूमिका खेलेको हुन्छ । यसलाई मानव विकासको सूचकको रूपमा लिइन्छ । यसै सिलसिलामा यहाँ नरैनापुर गाउँपालिकाको शैक्षिक स्थिती देखाउने प्रयत्न गरिएको छ । विकासको प्रमुख आधारशीला शिक्षा नै हो । शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहिआएको छ। सचेत, अनुशासित तथा उत्पादनशील जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्रको नै सर्वोपरि भूमिका अनिवार्य रहन्छ। योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक शसक्त माध्यमको रूपमा नीतिगत रूपमै अवलम्बन गरिएको छ। नेपालको संविधान २०७२ को भाग ३, धारा ३१ शिक्षा सम्बन्धी हक मा देहाय बमोजिमको व्यवस्था गरिएको छ ।

(१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।

(२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।

(३) अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउनेहक हुनेछ ।

(४) दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।

(५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

संविधान तथा योजनाको ठूलठूला वहस भएता पनि शिक्षाको हक सम्वन्धी नेपालको व्यवस्थालाई विश्वव्यापी तुलनात्मक अध्ययन गर्दा उल्लेखनीय विकास भने भएको देखिँदैन । शिक्षाले ज्ञान र सीपको प्रयोगात्मक परिवर्तन ल्याउने, पिछडिएको, विपन्न र अभावग्रस्त वर्गको पक्षपोषण गर्ने, अवोध बालबालिका एवम् आवाज विहिनका पक्षमा रही देशलाई समृद्ध बनाउने परिकल्पनालाई साकार पार्नुपर्दछ । देशका लागि आवश्यक नेतृत्वदायी क्षमताको विकास, अथकरूपमा सिक्ने र सिकाउने प्रवृति, सामाजिक र मानवीय मूल्यमान्यता र आत्मविश्वासजस्ता आधारभूत समग्र पक्षको विकास गर्न सघाउनु नै गुणस्तरीय शिक्षाको विशेषता हो । यस्तो शिक्षामा विश्लेषणात्मक र मौलिक सोचको पर्याप्तता हुनुपर्छ । निर्दिष्ट सिकाइमात्र स्तरीयता होइन । आज व्यावहारिक परिवर्तन, श्रमसँगको आस्था, जीवनोपयोगी खोज अनुसन्धान, सान्दर्भिकता देश र संस्कृतिप्रति प्रेम, नैतिक जिम्मेवारी, मौलिकरूपमा विज्ञानको उपयोग गर्न स्तरीय शिक्षाको आवश्यकता छ ।

शिक्षाको स्तरीय विकासले मात्र देशमा रोजगारीको अवसर, कलकारखानाको विकास, सुविधाको पहुँच, प्रविधिको बिस्तार, उत्पादनमुखी कृषि, आयमुखी व्यवसाय, स्थानीय साधनस्रोतको प्रचुर सदुपयोगले जनताको जीवनस्तर उकास्न सहयोग पुग्दछ ।

शिक्षा क्षेत्रको परिसूचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ। यसै सिलसिलामा यस नरैनापुर गाउँपालिकाको शैक्षिक स्थिती देखाउन यहाँको साक्षरता स्थिति,शिक्षण संस्थाको विवरण,शिक्षक दरबन्दी विवरण, विद्यार्थीको भर्ना, तहगत तथा विषयगत शैक्षिक विवरण देखाइएको छ जसबाट नरैनापुर गाउँपालिकाको शैक्षिक अवस्थालाई बुझी अगामी दिनमा सुधार गर्न नीति तथा कार्यक्रम बनाउन सकिन्छ ।

९.१.१ साक्षरता स्थिति

सामाजिक एवम् मानव विकासको एक महत्वपूर्ण आयामको रूपमा रहेको शिक्षा क्षेत्रमा नरैनापुर गाउँपालिकाको अवस्था कहालीलाग्दो छ । यस जिल्लाका अन्य स्थानको तुलनामा केही अगाडि रहेको देखिन्छ। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार यस गाउँपालिकाको साक्षरता दर ३१.०५ प्रतिशत (नेपालको ६५.९४ प्रतिशत) रहेको छ। लैंगिक हिसाबले यो गाउँपालिकामा पनि अन्यत्र जस्तै धेरै विभेद रहेको पाईन्छ। जस्तै: यस गाउँपालिकाको पुरुषको साक्षरता दर ३९.३३ प्रतिशतको तुलनामा महिलाको साक्षरता दर २२.१९ प्रतिशत मात्र रहेको छ। पुरुष र महिलाको साक्षरता दरमा १७.१३ प्रतिशतको फरक देखिन्छ। सबैभन्दा अग्रस्थानमा रहेको काठमाण्डौ जिल्लाको साक्षरता दर ८६.२५ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको रौतहट जिल्लाको साक्षरता दर ४१.६९ प्रतिशत रहेको छ। यस गाउँपालिकाको साक्षरताको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. द्दढ : साक्षरता दर

वडा नं.	पढ्न र लेख्न सक्ने		पढ्न मात्र सक्ने		पढ्न र लेख्न नसक्ने		उल्लेख नगरिएको		जम्मा		जम्मा
	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	महिला	
1	609	332	83	58	1705	1966	0	0	2,397	2,356	4,753
2	551	257	78	42	1806	2020	3	0	2,438	2,319	4,757
3	825	372	98	54	1086	1480	6	4	2,015	1,910	3,925
4	926	530	50	55	1399	1538	0	1	2,375	2,124	4,499
5	1656	830	84	104	1722	2140	12	25	3,474	3,099	6,573
6	1483	870	59	56	1143	1641	0	3	2,685	2,570	5,255
जम्मा	6,050	3,191	452	369	8,861	10,785	21	33	15,384	14,378	29,762
प्रतिशत	39.33	22.19	2.94	2.57	57.60	75.01	0.14	0.23	100.00	100.00	

स्रोत : केन्द्रिय तथ्याङ्क विभाग, २०६८

नरैनापुर गाउँपालिकाको साक्षरताको स्थिति वर्णन गर्नुपर्दा सबै भन्दा बढि साक्षरता दर वडा नं. ६ मा ४४.७८ प्रतिशत रहेको छ जसमध्ये पुरुष साक्षरता दर ५५.२३ प्रतिशत र महिला साक्षरता दर ३३.८५ प्रतिशत रहेको छ। त्यस्तै गरी सबै भन्दा कम साक्षरता दर वडा नं. २ मा रहेको छ। जसमा कुल साक्षरता दर १६.९९ प्रतिशत रहेको छ। जसमध्ये पुरुष साक्षरता दर २२.६० प्रतिशत र महिला साक्षरता दर ११.०८ प्रतिशत रहेको छ। माथिको तथ्याङ्कलाई हेर्दा यस नरैनापुर गाउँपालिका शैक्षिक हिसाबमा धेरै विकास गर्नुपर्ने देखिन्छ। यस गाउँपालिकाको साक्षरता दरलाई तलको स्तम्भ चित्रबाट पनि देखाउन सकिन्छ ।



९.१.२ गाउँपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण

स्थानीय सरकारको रूपमा रहेको गाउँपालिकाको समग्र विकासको निम्ति गाउँपालिकालाई नयाँ र गहन जिम्मेवारीहरू थपिदैं आएको छ। गाउँपालिकामा शिक्षा क्षेत्रको परिसूचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ। यसै अनुरूप यस गाउँपालिकामा आ.व. २०७२/७३ सम्म सञ्चालन भैरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण निम्न तालिकामा देखाइएको छ। गाउँपालिकामा आधारभूतदेखि माध्यमिक तहसम्म प्रदान गर्ने सामुदायिक विद्यालय जम्मा २१ र मदरसा जम्मा १६ गरेर ३७ शैक्षिक संस्थाहरू रहेका छन् ।साथसाथै निजी क्षेत्रले पनि योगदान पुऱ्याउँदै आएको देखिन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. घण : गाउँपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण

क्र.सं.	विद्यालयको नाम	सञ्चालित तह	विद्यार्थी संख्या		
			छात्रा	छात्र	जम्मा
1	भिमेश्वर प्रसाद प्रा.वि.	1-5	128	130	258
2	ने.रा.नि.मा.वि, जमुनी गंगापुर	1-8	256	342	598
3	प्रा.वि.कोदार बेतवा	1-5	124	95	219
4	जय किसन मा.वि.	1-10	267	337	604
5	प्रा.वि.बहपुर्वा	1-3	39	46	85
6	प्रा.वि. गेगेली	1-6	101	99	200
7	प्रा.वि. शंकरकोटिया	1-5	133	128	261
8	प्रा.वि. पाँचपेडेवा	1-3	15	28	43
9	ने.रा. प्रा.वि बानियागाउँ बगौडा	1-6	154	131	285
10	प्रा.वि महाटिनिया				0
11	प्रा.वि.गंगापुर	1-3	50	37	87
12	आदर्श मा.वि.	1-10	152	275	427
13	प्रा.वि. रोशनपुर	1-5	50	80	130
14	महेन्द्र मा.वि.	1-10	174	316	490
15	कृष्ण प्रा.वि.	1-6	92	124	216
16	दिपेन्द्र प्रा.वि.	1-5	57	72	129
17	जमुनाहा प्रा.वि.	1-5	108	141	249
18	नमुना प्रा.वि.	1-5	165	218	383
19	प्रा.वि. खोडवा	1-5	122	133	255
20	प्रा.वि.गोदादुरिया	1-5	70	67	137
21	प्रा.वि.पशुरामपुरुवा	1-5	142	139	281
	जम्मा		**2399**	**2938**	**5337**

तालिका नं. घज्ञ : गाउँपालिकामा रहेका मदरसाह¿को विवरण

क्र.सं.	मदरशाको नाम	सञ्चालित तह	विद्यार्थी संख्या		
			छात्रा	छात्र	जम्मा
1	मदरशा गौसिया अहालेसुनाट जामुनी	1-2	42	51	93
2	कडरिया अस्ग्राली नासीउल उलम मदरशा	1-3	41	36	77
3	मदरशा ईस्लामिया सत्त्रुल उलुम	1-3	35	38	73
4	मदरशा ईस्लामिया जियाउल उलम रेटहिया	1-3	51	67	118
5	मदरशा राजाबिया तालीमुल कुरान जनतापुर	1	47	58	105
6	मदरशा मिफ्ताहुल	1-2	106	42	148
7	मदरशाा अहाले सुनाट गौसिया राजाउल इस्लाम	1-3	75	60	135
8	मदरशा गौसिया गुलस्हाने राजा	1-3	39	41	80
9	मदरशा गौसालबारा जमिया अहालेसुनाट जमुना	1-2	60	41	101
10	दरुल उलुम अञ्जुमन इस्लामिया मदरशा	1-2	53	48	101
11	मदरशा रौफुल गुलसाने कडरिया अहाले सुनाट	1-2	59	57	116
12	मदरशा दारुलुमलुम इमाम अहमद राजा मटेहिया	1	21	25	46
13	मदरशा गुलसाने तैबा खवाजा गरिब नवाज गंगापुर	1-3	63	86	149
14	मदरशा सिर्जिया इस्राउल उलुम	1-5	85	117	202
15	मदरशा इस्लामिया अरबिया दरुल उलुम रोशनपुरुवा	1-3	52	72	124
16	मदरशा अरबिया अनवारुल उलुम गुलसाने राजा	1-3	37	43	80
	जम्मा		**866**	**882**	**1748**

९.१.३ बालविकास केन्द्रमा अध्ययनरत बालबालिकाको विवरण संख्या

तालिका नं. घद्द : बालविकास केन्द्रमा अध्ययनरत बालबालिकाको विवरण

क्र.सं.	विद्यालयको नाम	सञ्चालित तह	बलविकासमा अध्ययनरत बालबालिका संख्या		
			बालिका	बालक	जम्मा
1	ने.रा.नि.मा.वि, जमुनी गंगापुर	1-8	7	13	20
2	प्रा.वि.कोदार बेतवा	1-5	10	7	17
3	जय किसन मा.वि.	1-10	15	20	35
4	प्रा.वि.बहपुर्वा	1-3	12	13	25
5	ने.रा. प्रा.वि बानियागाउँ बगौडा	1-6	11	15	26
6	प्रा.वि.गंगापुर	1-3	15	7	22
7	आदर्श मा.वि.	1-10	20	19	39
8	प्रा.वि. रोशनपुर	1-5	21	17	38
9	महेन्द्र मा.वि.	1-10	13	8	21
10	कृष्ण प्रा.वि.	1-6	16	17	33
11	दिपेन्द्र प्रा.वि.	1-5	10	11	21
12	जमुनाहा प्रा.वि.	1-5	16	9	25
13	नमुना प्रा.वि.	1-5	8	14	22
14	प्रा.वि. खोडवा	1-5	28	18	46
15	प्रा.वि.गोदादुरिया	1-5	8	16	24
16	प्रा.वि.परशुरामपुरुवा	1-5	11	17	28
	जम्मा		221	221	442

९.१.४ शैक्षिक जनशक्तिको विवरण

तालिका नं. घघ : शैक्षिक जनशक्तिको विवरण

विवरण	पुरुष	महिला	जम्मा	प्रतिशत
स्कूल नगएको	266	218	484	4.88
प्राथमिक तह	3661	2233	5894	59.45
नि.मा.वि. तह	1256	472	1728	17.43
मा.वि. तह	529	188	717	7.23
एस.एल.सी. तह	211	96	307	3.10
प्रमाणपत्र तह	229	103	332	3.35
स्नातक तह	90	30	120	1.21
स्नातकोत्तर तह र सोभन्दा माथी	23	12	35	0.35
अन्य	81	64	145	1.46
अनौपचारिक शिक्षा	28	27	55	0.55
उल्लेख नगरिएको	57	41	98	0.99
जम्मा	6431	3484	9915	100.00

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८

यस तालिकामा नरैनापुर गाउँपालिकामा विभिन्न शैक्षिक तह उत्तीर्ण गरेका जनशक्ति देखाइएको छ। जसमा ४१३ (४.३२ प्रतिशत) जना स्कूल नगएका, ५,८९४ (५९.४५ प्रतिशत) प्राथमिक तह, १,७२८(१७.४३ प्रतिशत) नि.मा.वि. तह, ७१७ (७.२३ प्रतिशत) मा.वि. तह, ३०७ (३.१० प्रतिशत) एस.एल.सी. तह, ३३२ (३.३५ प्रतिशत) प्रमाणपत्र तह, १२० (१.२१ प्रतिशत) स्नातक तह, ३५ (०.३५ प्रतिशत) स्नातकोत्तर तह र सोभन्दा माथि अध्ययन गरेको देखिन्छ।अनौपचारिक शिक्षा हासिल गर्नेको संख्या ५५ (०.५५ प्रतिशत) र उल्लेख नगरिएको ९८ (०.९९ प्रतिशत) रहेको पाइन्छ। यसलाई तलको स्तम्भ चित्रबाट समेत देखाइएको छ।



९.१.५ विषयगत शैक्षिक जनशक्तिको विवरण

तालिका नं. घद्ध : विषयगत शैक्षिक जनशक्तिको विवरण

विषय	जम्मा	प्रतिशत
मानविकी र कला	213	43.74
व्यापार र प्रशासन	30	6.16
शिक्षा	104	21.36
विज्ञान	16	3.29
स्वास्थ्य	7	1.44
इन्जिनीयरिङ र निर्माण	1	0.21
कानुन	3	0.62
सामाजिक र व्यवहारिक विज्ञान	21	4.31
गणित र तथ्याङ्क	1	0.21
कृषी, वन र मत्स्य	2	0.41
उल्लेख नगरिएको	89	18.28
जम्मा	487	100

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८

राष्ट्रिय जनगणना २०६८ बाट प्राप्त तथ्याङ्कका आधारमा गाउँपालिकामा विभिन्न संकायमा अध्ययन गरेका शैक्षिक जनशक्तिको विवरणलाई तालिकामा देखाइएको छ जसअनुसार यस गाउँपालिकामा सबैभन्दा बढी मानविकी र कला विषय लिएर पढ्नेको संख्या २१३ (४३.७४ प्रतिशत) रहेको छ भने दोस्रोमा शिक्षा विषय लिएर पढ्नेको संख्या १०४ (२१.३६ प्रतिशत), तेस्रो स्थानमा व्यापार र प्रसाशन विषय लिएर पढ्नेको संख्या ३० (६.१६ प्रतिशत),सामाजिक र व्यवहारिक विज्ञान पढ्नेको संख्या २१ (४.३१ प्रतिशत), विज्ञान विषय लिएर पढ्नेको संख्या १६ (३.२९ प्रतिशत) रहेको छ। त्यसैगरी स्वास्थ्य, कानून, कृषि, वन र मत्स्य इन्जिनियरिङ् र निर्माण, गणित र तथ्याङ्कशास्त्र विषय लिएर पढ्नेको संख्या केही मात्रामा रहेको देखिन्छ। अन्य प्राविधिक विषय लिएर पढ्नेहरू केहि सङ्ख्यामा भएपनि अहिलेको प्राविधिक युगमा अझै पनि प्राविधिक शिक्षामा कमी रहेको देखिन्छ। यस गाउँपालिकामा प्राविधिक शिक्षा (स्वास्थ्य, इन्जिनियरिङ, कृषि आदि) मा जोड गर्नु पर्ने देखिन्छ। यसलाई तलको स्तम्भ चित्रबाट समेत देखाउन सकिन्छ।



९.१.६ उमेर समूहअनुसारको जनसङ्ख्या र विद्यालय गइरहेको जनसङ्ख्या विवरण

तालिका नं. ज्ञ : उमेर समूह अनुसारको जनसङ्ख्या र विद्यालय गइरहेको जनसङ्ख्या विवरण

उमेर समूह	कुल जनसंख्या			विद्यालय गइरहेको			हाल विद्यालय नगएको जनसंख्या			उल्लेख नगरिएको		
	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा	पुरुष	महिला	जम्मा
५-१० वर्ष	3331	3209	6540	1490	1249	2739	1699	1844	3543	142	1844	1986
११-१५ वर्ष	2351	1969	4320	1066	658	1724	1206	1230	2436	79	1230	1309
१६-२० वर्ष	1967	1946	3913	402	191	593	1471	1668	3139	94	1668	1762
जम्मा	7649	7124	14773	2958	2098	5056	4376	4742	9118	315	4742	5057

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८

माथिको तालिकामा विद्यालय जाने उमेर समूहको जनसङ्ख्या र विद्यालय गइरहेको जनसङ्ख्याको तुलनात्मक विवरण उल्लेख गरिएको छ। यस अनुसार ५ देखि १० वर्ष उमेर समूहका बालबालिकाको कूल जनसङ्ख्या ६,५४० मध्ये २,७३९ जना विद्यालय गएको देखिन्छ भने विद्यालय नगएका वा बिचमा पढाइ छाडेका ३,५४३ जना रहेको देखिन्छ। त्यसैगरी ११ देखि १५ वर्ष उमेर समूहको कूल ४,३२० जनसङ्ख्या मध्ये १,७२४ जना

विद्यालय गएको देखिन्छ भने विद्यालय नगएका वा बिचमा पढाइ छाडेका २,४३६ जना रहेको देखिन्छ ।त्यस्तै १६ देखि २० वर्ष उमेर समूहको कुल ३,९१३ जनसंख्या मध्ये ५९३ जना विद्यालय गएको देखिन्छ भने नगएका वा छाडेका ३,१३९ जना रहेको देखिन्छ । माथिको तालिकामा विभिन्न उमेर समूहका उल्लेख नभएको विवरण पनि प्रस्तुत गरिएको छ ।

(नोट : नयाँ शिक्षा ऐन अनुसार कक्षा १ देखि ८ सम्मको तहलाई आधारभूत तह र कक्षा ९ देखि १२ सम्मलाई माध्यमिक तहमा घोषणा गरिएको छ । त्यस्तै कक्षा १ भन्दा मुनिको तहलाई बाल विकास भनेर नामाकरण गरिएको छ ।)

९.२ स्वास्थ्य

नेपालको संविधानले प्रत्येक नेपाली नागरिकलाई राज्यबाट प्राप्त हुने आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने तथा स्वास्थ्य सेवामा सबैको समान पहुँच रहने कुरालाई मौलिक हकको रूपमै प्रत्याभूत गरेको छ । यसरी यो आधारभूत सेवालाई मौलिक हकको रूपमा स्थापित गर्न चौधौ योजनामा निम्न बमोजिमका स्वास्थ्य कार्यक्रमहरूलाई प्रभावकारी बनाउने उद्देश्य लिइएको छ ।

- ✓ बाल स्वास्थ्य तथा पोषण ।
- ✓ परिवार स्वास्थ्य तथा सुरक्षित मातृत्व ।
- ✓ क्षयरोग नियन्त्रण ।
- ✓ यौनरोग तथा एच.आई.भी. र एड्स नियन्त्रण ।
- ✓ नसर्ने रोगको रोकथाम तथा उपचार ।
- ✓ कुष्ठरोग निवारण
- ✓ औलो, कालाजार निवारण
- ✓ अन्य कीटजन्य रोग नियन्त्रण एवम् प्राकृतिक प्रकोप व्यवस्थापन
- ✓ मुख तथा मानसिक स्वास्थ्य
- ✓ आँखा सेवा, डिप स्टिक टेस्ट मार्फत् मृगौला जाँच ।
- ✓ विद्यालय स्वास्थ्य कार्यक्रममार्फत् निशूल्क आँखा जाँच ।
- ✓ वातावरणीय स्वास्थ्य प्रवर्द्धन तथा सोको लागि समूह परिचालन ।
- ✓ मनो-सामाजिक परामर्श तथा मानसिक स्वास्थ्य ।
- ✓ प्रौढवस्था (Geriatric) को स्वास्थ्य प्रबर्द्धन ।
- ✓ जनशक्ति विकास तथा सेवा बिस्तार ।
- ✓ थप स्वास्थ्य सेवाह¿को बिस्तार ।
- ✓ रक्तसञ्चार सेवाको स्थापना तथा बिस्तार ।
- ✓ स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार ।
- ✓ आयुर्वेद तथा पूरक चिकित्सा ।
- ✓ कम्तीमा ११ प्रकारका खोपको निःशुल्क व्यवस्था मार्फत् जिल्ला स्तरमा पूर्ण खोप घोषणा कार्य गरी उपलब्धताको सुनिश्चितता ।
- ✓ विपन्नलाई नौ प्रकारका रोगमा निःशुल्क उपचार ।

राजनीतिक रूपमा ६ वडाहरूमा विभाजित यस गाउँपालिकाका धेरैजसो जनताले आवश्यकता अनुसारको स्वास्थ्य सेवा लिन सफल भएका छैनन् । गाउँपालिकामा ६ वटा स्वास्थ्य चौकी रहेका छन् तर आवश्यक

भौतिक पूर्वाधार तथा दरबन्दी अनुसार स्वास्थ्यकर्मीहरू छैनन्। साथै ग्रामीणस्तरमा उपचारात्मक स्वास्थ्य स्थिति एकदमै कमजोर रहेको छ। तथापी समुदायमा प्रबर्द्धनात्मक तथा प्रतिरोधात्मक स्वास्थ्य सेवामा गाउँपालिकाभरि स्वास्थ्य स्वयम्सेविकाहरू कार्यरत रहेका छन्। यी स्वयम्सेविकाहरूको सेवा उदाहरणीय रहेको देखिन्छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सर्भेक्षण अनुसार करिब आधाजति जनसंख्याले गैर सरकारी तथा निजी क्षेत्रबाट स्वास्थ्य सेवा लिएको देखिन्छ। आर्थिक स्थिति मजबुत भएका तथा पहुँचवाला व्यक्तिहरू मात्रले यस किसिमको सेवा उपभोग गर्न सफल भएको पाइन्छ। स्थानीय समुदायहरू, स्थानीय गैरसरकारी निकायहरूका प्रतिनिधीहरूको अभिव्यक्ति अनुसार यस गाउँपालिकामा मातृ तथा शिशु मृत्युदर गम्भीर समस्याको रूपमा रहेको छ।

यस क्षेत्रमा आपतकालिन प्रसूती सेवा (Emergency Obstetric Care) को कमीको कारणले गर्दा उत्पन्न हुने परिस्थिति नै उच्च मातृमृत्यदर (Maternal Mortality) को सबैभन्दा प्रमुख कारण बनेको छ। यो समस्याको पहिचान गर्ने सन्दर्भमा ज्ञानको कमी, लक्षणहरूको (Symptoms) गम्भीरता सम्बन्धि बुझाइमा कमी, औषधी उपचार प्रणाली (Medical System) माथिको विश्वासमा कमी, स्वास्थ्य सेवाका लागि यात्रा गरिरहनुपर्ने दुरी सम्बन्धी कुराहरू, सेवाको लागत, परम्परागत विश्वास, गरिबी, सामाजिक, आर्थिक अवस्था जस्ता विविध प्रकारका तत्वहरूको कारणले गर्दा आपतकालीन सेवामा कमी आउने गरेको देखिएको छ।

गाउँपालिकामा रहेको सामुदायिक अस्पतालमा विशेषज्ञ चिकित्सकहरूको (Medical Officers) संख्यामा कमी रहेको छ। दरबन्दी अनुसार चिकित्सक लगायत स्वास्थ्यकर्मीहरू उपलब्ध हुन सकेको छैन। अस्पतालमा हालसम्म प्रसूती रोग विशेषज्ञ (Obstetrician) वा बेहोस पार्ने विज्ञ (Anaesthesiologist) छैनन् र पर्याप्त मात्रामा औषधीको आपुर्ति हुदैन।

गाउँपालिकाका सबै वडाहरूमा स्वास्थ्य चौकी रहेको देखिन्छ। स्वास्थ्य संस्थाहरूमा औषधीको कमी मुख्य समस्याको रूपमा रहेको देखिन्छ। दुर्गम वडाहरूमा बस्ने परिवारहरूले स्वास्थ्य सेवाका लागि धेरै समय खर्चिनु पर्ने बाध्यता छ भने वर्षातको समयमा अझ कठिनाई झेल्नु पर्ने अवस्था छ।

तालिका नं. घछ : गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरुको विवरण

स्वास्थ्य संस्थाको विवरण	वडा नं.							कैफियत
	१	२	३	४	५	६	जम्मा	
स्वास्थ्य चौकी	१	१	१	१	१	१	६	
प्राथमिक स्वास्थ्य स्याहार केन्द्र		१					१	
बर्थिङ सेन्टर	निर्माणाधीन	१	१	१		१	४	
खोप केन्द्र	१	१	१	१	१	१	६	
क्लिनिक					२	३	५	

९.३ खेलकुद तथा मनोरञ्जन

खेलकुद क्षेत्रमा स्वस्थ, प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी गाउँपालिकाको खेल अनुशासन र खेलकुद विकासलाई बल पुऱ्याउन सकिन्छ भन्ने मान्यता अनुसार यस गाउँपालिकामा खेलकुदको विकास भएको पाइन्छ। हाल स्थानिय तह गठन भए पछि जिल्ला समन्वय समिति तथा गाउँपालिका र नगरपालिकाहरूले पनि आआफ्ना कार्यक्षेत्र भित्र गतिशील रहने गरी जिल्ला, गाउँपालिका तथा नगरपालिका खेलकुद विकास समितिहरू गठन गरेका छन्। विभिन्न तहमा विभिन्न प्रतिस्पर्धाहरूको आयोजना गरी खेलकुदको विकासमा योगदान पुऱ्याइरहेका छन्। यसका अतिरिक्त नेपाल सरकारद्वारा गठन हुने जिल्ला खेलकुद विकास समितिबाट पनि विभिन्न राष्ट्रिय दिवसहरूमा कतिपय खेलहरूको आयोजना गर्ने गरिएको छ। समग्रमा भन्नुपर्दा बालबालिका एवम् युवा जनशक्तिको स्वास्थ्य शारिरीक विकासको लागि आवश्यक खेलकुदको क्षेत्रमा अत्यन्त न्यून लगानी हुने गरेको देखिन्छ। विगतमा निर्मित खेलकुदसम्बन्धी पूर्वाधारहरूको मर्मत गर्न पनि निकै ठुलो लगानी गर्नुपर्ने आवश्यकता देखिएको छ। हालका दिनहरूमा आएर निजी क्षेत्रहरूबाट पनि क्रिकेट, ब्याडमिन्टन जस्ता केही खास खास खेलहरूमा लगानी गर्ने र प्रोत्साहित गर्ने क्रम सुरु भएको छ। यस क्रमलाई केन्द्रीय र स्थानीय सरकारले निजी क्षेत्रसँग सहकार्य र साझेदारी गर्दै विकासगर्नुपर्ने देखिन्छ।

तालिका नं. घट : खेलकुद मैदान पार्क तथा खुला क्षेत्रको विवरण

वडा नं.	क्र.सं.	नाम	स्थान	क्षेत्रफल	क्षमता	स्वामित्व
6	1	कोहला खुला क्षेत्र	जामुनी	३ विघा		ऐलानी
	2	राप्तीको किनारमा खुला क्षेत्र	राप्ती बगर क्षेत्र			
2	1	खालिफा नुर अहमद शाह रंगशाला	लक्ष्मणपुर	१० बिघा		वनको जग्गा सहमतिमा दिइएको
3	1	काला	काला (जंगल क्षेत्र)	१० बिघा		ऐलानी
	2	रवैया	जन्तापुर	१० बिघा		ऐलानी
4	1	पार्क तथा खेलमैदान	जयरामपुरुवाको उत्तर	१००० विघा		ऐलानी
	2	पार्क तथा खेलमैदान	जन्तापुरको उत्तर	१२००/१३०० विघा		ऐलानी
5	1	सिँगाफाटा		२० विघा		सामुदायिक वनको जग्गा
	2	राप्तीको किनारमा खुला क्षेत्र	राप्ती बगर क्षेत्र			
1	1	कटकुइया माथिको जङ्गल किनारमा खाली ठाउँमा				

स्रोत: वडा कार्यालयहरू, २०७५

९.४ सामाजिक सुरक्षा सेवा

९.४.१ सामाजिक सुरक्षा भत्ता पाएका व्यक्तिहरूको विवरण

सामाजिकसुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०६९ ले समाजका जेष्ठ नागरिक, एकल महिला, विधवा,दलित वर्ग, लोपोन्मुख आदिवासी जनजाति, अशक्त, अपाङ्गता भएका नागरिकहरू एवम्म दलित बालबालिकाहरूले सामाजिक सुरक्षा भत्ता वृत्ति अनुदान प्राप्त गर्ने व्यवस्था गरेको छ। नेपालको संविधान २०७२ को भाग ३ को धारा ४३ मा आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानुन बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ भनी व्यवस्था गरेको छ। यसै अनुरूप नरैनापुर गाउँपालिकामा विभिन्न श्रेणीका व्यक्तिहरूलाई सामाजिक सुरक्षा भत्ता प्रदान गरिएको छ जसको विवरण तालिकामा उल्लेख गरिएको छ।

९.४.२ वृद्धवृद्धाहरूको अवस्था

जेष्ठ नागरिक सम्बन्धी ऐन २०६३, नियमावली २०६५ मा वृद्धवृद्धा सम्बन्धी व्यवस्था गरिएको छ। जनगणना २०६८ को नतिजा अनुसार यस नरैनापुर गाउँपालिकामा, ६० वर्ष उमेर नाघेका ७.५१ प्रतिशत (२६२५ जना) वृद्धवृद्धाहरू रहेका छन्। शारिरीक जीर्णताका कारण परिवारजनहरूको समेत पर्याप्त हेरचाह नपुग्ने यो समुदायको सामाजिक अवस्था अत्यन्त कष्टप्रद रहेको छ। बृद्धहरूको मनोरञ्जनका लागि कुनै विशेष स्थल वा कार्यक्रमको निर्माण वा व्यवस्था गरेको देखिदैंन। पश्चिमा संस्कृतिको प्रभावले हाम्रो संस्कृतीको मुल मर्म र बृद्धजन तथा नयाँपुस्ताबीचको पारस्परिक सुमधुर सम्बन्धलाई समेत कमजोर बनाउँदै लगेको छ। राज्यको तर्फबाट ७० वर्ष माथिका सबै ज्येष्ठ नागरिकहरूलाई दिने बृद्ध भत्ता समेत सबैले पाउन सकेका छैनन्। यस गाउँपालिकामा अर्ध वृद्धावस्थाकै हाराहीरमा रहेको ६०-६४ वर्षको २.५६ प्रतिशत (८९५ जना) , ६५-६९ वर्षका १.९० प्रतिशत (६६४ जना) र थप बृद्ध नागरिकहरूको लागि समेत राज्यले कुनै विशेष कार्यक्रम ल्याएको छैन। यस स्थितिलाई कसरी सहज बनाउने र गाउँपालिकामा जिवीत यी ज्येष्ठ नागरिकहरूको अमूल्य अनुभवबाट नयाँ पिँढीले कसरी अनुभव र शिक्षा प्राप्त गर्ने भन्नेबारे अध्ययन र योजना बनाउनुपर्ने देखिन्छ।

९.४.३ बालबालिका सम्बन्धी विवरण

अन्तराष्ट्रिय स्तरमा १८ वर्षभन्दा मुनिका बालबालिकालाई बालक/बालिका भनिन्छ भने नेपालको बालबालिकासम्बन्धी ऐन २०४८ ले १६ वर्षभन्दा मुनिका सम्पूर्ण मानिसहरूलाई बालबालिका हुन् भनेर परिभाषित गरेको छ।बालबालिका भविष्यका कर्णधार हुन्।बालबालिका साझा भविष्य हुन् र उनीहरूको स्वतन्त्रता, अधिकार, संरक्षण, विकास र जीवनस्तर सुधारको लागि सामूहिक प्रतिवद्धता र साझा प्रयास आवश्यक छ भन्ने कुरा महसुस गरी संयुक्त राष्ट्र संघले सन्१९८९ नोभेम्बरमा बाल अधिकार सम्बन्धी महासन्धि पारित गरे पछिहरेक वर्ष नोभेम्बर २० का दिन अन्तराष्ट्रिय बाल दिवस मनाइन्छ।जसरी एउटा फालिएको काठलाई खोपेर वा कुँदेर राम्रो आकृति बनाउन सकिन्छ, त्यसरी नै बालबालिकाहरूलाई पनि अधिकाररूपी हतियारले एक कर्मठ र सबल नागरिकमा परिणत गर्न सकिन्छ। नेपालमा बालबालिकाको हकहितको लागि थुप्रै कुराहरू समावेश गरिएको छ। अझ गत वर्ष जारी गरिएको नेपालको संविधान २०७२ ले झनै बालबालिकासम्बन्धी थुप्रै हक अधिकारहरू समेटेको छ। नेपालको संविधान २०७२ को भाग ३ को धारा ३९ ले देहाय बमोजिमको बालबालिकाको हकको व्यवस्था गरेको छ।

- ✓ प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक हुनेछ ।
- ✓ प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ ।
- ✓ प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ ।
- ✓ कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन ।
- ✓ कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन ।
- ✓ कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।
- ✓ कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन ।
- ✓ प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ ।
- ✓ असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एम्ं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।
- ✓ उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

यो सँगै बालबालिकाहरूको अधिकारसम्बन्धी महासन्धिमा ५० औं देशहरू मध्ये नेपाल पनि एक हस्ताक्षर कर्ता हो । संविधानमा बालबालिका सम्बन्धी हकको सुनिश्चिता र विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाको प्रयासको बावजुत घरेलु कामदारको रूपमा खटिएका बालबालिकाहरू, उद्योग तथा कलकारखानामा कडा श्रममा खटिएकाबालबालिकाहरू, शिक्षाबाट बञ्चित रहेका बालबालिकाहरू, बाँच्न पाउने नैसर्गिक अधिकार संविधानमा सुनिश्चत भएर पनि जन्मन नपाई जन्मने अधिकार खोसिएका बालबालिकाहरू र बाल अधिकारको उपयोगबाट टाढा रहेका बालबालिकाहरूको उदाहरणहरू समाजमा हामी सामु छर्लङ्ग नै छन् । यसरी समाजमा हुने गरेका बाल श्रम तथा बाल अधिकारबाट वञ्चित बालबालिकाहरूको लागिसरकार, सङ्घ संस्था, नागरिक समाज लगायतका सबै निकायहरू सचेत रहन जरुरी छ ।

९.४.४ बालश्रमको अवस्था

बालबालिकालाई सामाजिक वा आर्थिक लाभका लागि श्रममा संलग्न गराउनु बालश्रम हो। नेपालमा कानूनले बालबालिकाको उमेरका आधारमा स्वीकार्य र अस्वीकार्य कामहरू तोकेको छ। १३ वर्ष उमेर नपुगेका बालबालिकाहरूलाई श्रमिकका रूपमा काममा लगाउनु हुदैन भने १४ वर्षदेखि १५ वर्षसम्मकालाई खासखास क्षेत्रको हलुका र विशेष सुविधाका काममा लगाउन पाइन्छ। कुनै पनि बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन पाइदैन। तथापी सुरक्षित वातावरणमा नयाँ-नयाँ कुरा सिक्ने, जान्ने, पढ्ने, बुझ्ने उमेरमा नेपालका धेरै बालबालिकाहरू बालश्रमिकका रूपमा काम गर्न बाध्य छन्। आफ्ना बालापनलाई कडा श्रमसँग साटिरहेका छन्। काम गर्नु पर्नाले शिक्षाबाट बञ्चित हुनुदेखि शोषण र दुर्व्यवहारबाट धेरै बालबालिका पिडित भएका छन्। नेपालमा बालश्रमका बारेमा विभिन्न विषयगत क्षेत्रहरूमा साना-ठुला अध्ययन भए तापनि आवधिक, एकीकृत, आधिकारिक तथ्याङ्क तथा जानकारीको भने अभाव छ। बालश्रम नेपाली बालबालिकाको एक दुःखद यथार्थ हो ।

बालबालिकालाई श्रममा लगाइनु बालअधिकार विपरित कार्य हो। यसैगरी नेपालले राज्य पक्षका रूपमा अनुमोदन गरिसकेको संयुक्त राष्ट्रसंघका बाल अधिकार सम्बन्धि महासन्धि, १९८९, अन्तराष्ट्रिय श्रम संगठनको रोजगारीको न्यूनतम उमेर सम्बन्धी महासन्धी नं १३८ तथा निकृष्ट प्रकारको बालश्रम सम्बन्धी महासन्धी नं. १८२ तथा सिफारिश नं. १९० ले पनि राज्यलाई बालश्रमविरुद्ध थप उत्तरदायित्व बहन गर्न प्रेरित गरेको छ।

नरैनापुर गाउँपालिकालाई बालमैत्री गाउँको रूपमा विकसित गर्नका लागि सबै वडाहरूमा वडा बालक्लब गठन गरी बालमैत्री स्थानीय शासन पूर्णरूपमा लागु गर्ने उद्देश्यले बालबालिका लक्षित कार्यक्रममा तोकिएको १० प्रतिशत बजेट बढाएर १५ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ । गाउँ क्षेत्रमा निकृष्ट प्रकारको बाल श्रमको अन्त्य गर्न बालश्रम नराखेको कबुल गर्नेलाई मात्र गाउँपालिकाबाट सेवा प्रवाह गर्नुपर्ने व्यवस्था मिलाउने प्रावधान राख्नुका साथै १ वर्ष मुनिका बालबालिकाहरूलाई नियमित खोपको सुनिश्चितता गरी पूर्ण खोपयुक्त गाउँको रूपमा पनि अगाडी बढाउने उद्देश्य राखिएको छ ।

९.४.५ बालक्लब

बालबालिकाहरू संगठित भई आफुसँग सरोकार राख्ने विषयमा छलफल गर्न, प्रतिनिधित्व गर्न र आफ्नै क्षमता विकास, सचेतना लगायत बाल अधिकारको संरक्षण प्रबर्द्धनमा विविध क्रियाकलाप गर्न नेपालमा बाल-समूह, बाल क्लव, बालअधिकार मञ्च आदिका रूपमा बालबालिकाहरू क्रियाशील रहेका छन्। बालक्लब, बाल-सहभागिताको एक शसक्त माध्यम बनेको छ जसलाई बालबालिकासँग सम्बन्धित थुप्रै नीतिगत दस्तावेजहरूमा पनि उल्लेख गरिएको छ। बालबालिकाहरूलाई समूहमा आबद्ध गराउन र उनीहरूसँग सरोकार राख्ने विषयमा मत व्यक्त गर्नका लागि विभिन्न स्तरका नीति तथा योजना निर्माणदेखि कार्यान्वयन र अनुगमन कार्य सम्ममा बालक्लबको प्रतिनिधित्वलाई मान्यता दिइएको छ।

व्यक्तिगतरूपमा गाउँपालिकामा बालबालिकाको सहभागिता, सक्रियता र नेतृत्वमा गठन गरिएका बाल क्लबहरूले बाल अधिकार सम्बन्धी चेतनामुलक कार्यहरू गरिरहेका छन्। बालक्लबहरूले सञ्चालन गरेका कार्यक्रमहरूमा (१) जन्मदर्ता प्रचारात्मक अभियान, (२) विद्यालाय भर्ना अभियान, (३) बालश्रम न्युनीकरण कार्यक्रम, (४) बालसहभागिता अभिवृद्धि कार्यक्रम, (५) बालबालिकालाई प्रदान गरिने खोप प्रचार कार्यक्रम, (६) निशुल्क शिक्षा प्रचारात्मक र प्रबर्द्धनात्मक कार्यक्रम, (७) भयरहित वातावरणमा शिक्षा पाउने अधिकारबारे प्रचारप्रसार, (८) वातावरणीय सुधार कार्यक्रम, (९) अभिभावक सचेतना शिक्षा कार्यक्रम र (१०) बालविवाह उन्मूलन सम्बन्धी प्रचारात्मक कार्यक्रम प्रमुख रहेका छन्।

९.५ अपाङ्गताको विवरण

शरीरका अङ्गहरू र शारीरिक प्रणालीमा भएको समस्याका कारण भौतिक, सामाजिक, सांस्कृतिक वातावरणका साथै सञ्चार समेतबाट सिर्जना भएको अवरोधसमेतले दैनिक क्रियाकलाप सामान्यरूपमा सञ्चालन गर्न एवम् सामाजिक जीवनमा पूर्ण सहभागी हुन कठिनाइ हुने अवस्थालाई अपाङ्गता भनिन्छ । खासगरी व्यक्तिहरूमा अपाङ्गता हुने कारण आयोडिनयुक्त नुनको प्रयोगको कमी, ग्रामीण क्षेत्रमा मुख नधुने समस्याका कारण उत्पन्नTrachoma रोग, दुर्घटना, जन्मजात, प्राकृतिक प्रकोप, कुपोषण, स्वास्थ्य उपचारको अभावमा, द्वन्द्व वा युद्ध वा विस्फोटक पदार्थको प्रयोग आदि देखिएका छन्। यसलाई घटाउन प्रतिरोधात्मक र उपचारात्मक दुवै कार्यहरू गरिनुपर्दछ। अपाङ्गता भएका व्यक्तिका हक, हित, र संरक्षण गर्नु राज्यको दाहित्व भएकाले नेपालले नेपालको संविधान २०७२को भाग ३ अन्तरगत धारा ३१ को उपधारा (३) मा अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ र उपधारा (४) मा दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपांगता भएका नागरिकलाई

साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ भनी उल्लेख गरिएको छ भनेधारा ४२ को उपधारा (३) मा अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुनेछ भनी उल्लेख भएको छ ।

नेपालले अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाहरूको हक हित र अधिकारको संरक्षण एवम् सम्बर्द्धन र विकास गर्न १९ वटा क्षेत्रलाई समेटी अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र अपाङ्गतासम्बन्धी कार्ययोजना, २०६३ तयार गरी कार्यान्वयनमा ल्याएको छ। त्यसै गरी २०६६ पुस १२ गते नेपालले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धी, २००६ लाई अनुमोदन गरेको छ। २०६८ सालको जनगणना अनुसार नेपालमा कुल जनसंख्याको १.९४ प्रतिशत (५,१२,३२१ जना) जनसंख्यामा कुनै न कुनै प्रकारको अपाङ्गता देखिएको छ। जसमध्ये शारिरीक अपाङ्गता ३६.३ प्रतिशत, दृष्टिबिहीन १८.५ प्रतिशत, मानसिक अपाङ्गता ६ प्रतिशत, बौद्धिक अपाङ्गता २.९ प्रतिशत, बहु अपाङ्गता ७.५ प्रतिशत रहेको छ।

अपाङ्गता भएका व्यक्तिहरू परिवार समुदायमा अपहेलित र उपेक्षाको सिकार हुने गरेको पाईन्छ । खुला आकाशमा आफ्नै जीवन बोझ सम्झिएर भौँतारिएका आपाङ्गहरू प्रत्येक दिनबाटोमा अलपत्र अवस्थामा देखिन्छन् । हालसम्म समुदायमा अपाङ्गता भएकाहरूको सामाजिक आर्थिक अवस्थामा परिवर्तन ल्याउन केही सामान्य आयमुलक र सिपमुलक तालिमहरू सञ्चालन गरिएता पनि यिनीहरूको आत्मविश्वासलाई बढाउन र समुदायबाट हुने गरेको उपेक्षाबाट मुक्त राख्न स्थानीय स्रोत साधन र निकायहरूमा यो समुदायको पहूँच पुऱ्याउन विभिन्न कार्यक्रम ल्याउनु पर्ने देखिन्छ साथै यी अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता, सुविधा तथा प्रतिनिधित्वको लागि तथा सुस्तः मनस्थिति र पूर्ण अशक्तता भएका आमाबाबु वा प्रत्यक्ष रूपमा पालनपोषणमा संलग्न व्यक्ति, अभिभावक वा सरोकारवालाहरूले ध्यान दिनुपर्ने देखिन्छ ।

नेपाल सरकारले अपाङ्गता परिचयपत्र वितरण निर्देशिका समेत जारी गरी वितरण गरिरहेको छ। अपाङ्गता परिचयपत्र वितरण गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गताका आधारमा शारिरीक अपाङ्गता, दृष्टिविहीन र न्युन दृष्टियुक्त, स्वर तथा बोलाइ सम्बन्धी अपाङ्गता, सुस्त श्रवण र बहिरा, श्रवण दृष्टि विहिनता, मानसिक अपाङ्गता, बौद्धिक अपाङ्गता, बहुअपाङ्गता गरी सात किसिमले र गाम्भीर्यताका आधारमा तह क (रातो रङको परिचयपत्र), तह ख (नीलो रङको परिचय पत्र), तह ग पहेलो रङको परिचयपत्र र तह घ (सेतो रङको परिचयपत्र) गरी चार तहमा विभक्त गरी परिचय पत्र वितरण गर्ने कार्य सुरु गरिएको छ। यस नरैनापुर गाउँपालिकामा भएको अपाङ्गता सम्बन्धी विवरण तालिका नं. ५१ मा उल्लेख गरिएको छ ।

तालिका नं. घठ : नरैनापुर गाउँपालिकाको अपाङ्गताको विवरण

लिङ्ग	शारिरीक अपाङ्गता	दृष्टी सम्बन्धी अपाङ्गता	श्रवण सम्बन्धी अपाङ्गता	श्रवण, दृष्टिविहीन अपाङ्गता	स्वरबोलाई सम्बन्धी अपाङ्गता	मानसिक अपाङ्गता	बौद्धिक अपाङ्गता	बहु अपाङ्गता	जम्मा
पुरुष	129	51	31	11	31	23	12	18	306
महिला	59	44	29	8	19	16	5	11	191
जम्मा	188	95	60	19	50	39	17	29	497
प्रतिशत	37.83	19.11	12.07	3.82	10.06	7.85	3.42	5.84	100.00

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८

राष्ट्रिय जनगणना २०६८ अनुसार नरैनापुर गाउँपालिकामा अपाङ्गताको अवस्थालाई हेर्दा कुल जनसंख्याको १.४२ प्रतिशत (४९७ जना) अपाङ्गता रहेको छ। जसमा शारीरिक अपाङ्गता भएका १८८ (३७.८३ प्रतिशत), दृष्टि सम्बन्धी अपाङ्गता भएका ९५ जना (१९.११ प्रतिशत),श्रवण सम्बन्धी अपाङ्गता भएका ६० (१२.०७ प्रतिशत), स्वर बोलाई सम्बन्धी अपाङ्गता भएका ५० जना (१०.०६ प्रतिशत) देखिन्छन्, श्रवण र दृष्टिविहीन सम्बन्धी अपाङ्गता भएका १९ जना (३.८२ प्रतिशत), बौद्धिक अपाङ्गता भएका २९ जना (५.८४ प्रतिशत) रहेको देखिन्छ । साथै मानसिक अपाङ्गता ३९ जना (७.८५ प्रतिशत) र बहु अपाङ्गता २९ जना (५.८४ प्रतिशत) रहेका छन् । लैङ्गिक हिसाबले हेर्ने हो भने यस गाउँपालिकामा अपाङ्गता भएका पुरुषको सङ्ख्या ३०६ जना छन् भने अपाङ्गता भएका महिलाको सङ्ख्या १९१ जना रहेको छ । अपाङ्गताको विवरण तलको तालिका र चित्रबाट स्पष्ट पार्न सकिन्छ ।



९.६ पिउनेपानी तथा सरसफाई

गाँपालिका स्वच्छ र सफा हुनुपर्छ । पिउनेपानी स्वच्छ जीवनको प्रमुख आधार हो । पिउनेपानी सुरक्षित नहँदा विभिन्न दुषित तथा असुरक्षित पानीबाट लाग्ने रोगको जोखिम हुन्छ । पिउनेपानी सुरक्षित राख्न त्यस ठाउँको वातावरण पनि सफा र स्वच्छ रहनु पर्दछ । पिउनेपानी मा प्रयोग गरिएको स्रोतको आधारमा नगर तथा गाउँपालिकाको स्वास्थ्य स्थिति निर्धारण गर्न सकिन्छ । सुरक्षित पिउनेपानी को प्रयोगबाट विभिन्न रोगको जोखिम न्युनीकरण गर्न सकिन्छ । नरैनापुर गाउँपालिकाको पिउनेपानी को स्थिति बुझ्नका लागि गाउँबासीहरूले पिउनेपानी मा प्रयोग गरेको स्रोतको विवरण तालिका नं. ४३ मा देखाइएको छ ।

९.६.१ परिवारले प्रयोग गर्ने पिउने पानीको मुख्य स्रोतको विवरण

तालिका नं. द्द : परिवारले प्रयोग गर्ने पानीको मुख्य स्रोत

वडा नं.	धारा/पाइप	ट्युबवेल/हाते पम्प	ढाकिएको इनार/कुवा	खुला इनार/कुवा	मूल धारा	नदी/खोला	अन्य	उल्लेख नगरिएको	जम्मा
1	5	802	6	64	0	0	49	8	934
2	210	601	4	6	3	0	6	1	831
3	174	470	1	61	0	0	1	2	709
4	3	805	15	29	1	1	0	5	859
5	14	1237	10	6	0	1	120	12	1,400
6	8	1149	2	0	0	0	6	10	1,175
जम्मा	414	5,064	38	166	4	2	182	38	5,908
प्रतिशत	7.01	85.71	0.64	2.81	0.07	0.03	3.08	0.64	100

स्रोत: राष्ट्रीय जनगणना २०६८

नरैनापुर गाउँपालिकाको पिउनेपानी को प्रमुख स्रोत ट्युबवेल/हाते पम्पको प्रयोग गर्ने घरधुरी संख्या ५,०६४ (८५.७१ प्रतिशत) परिवारहरूले प्रयोग गरेको पाइएको छ। दोस्रोमा धारा/पाइपको पानी प्रयोग गर्ने घरधुरी संख्या ४१४ (७.०१ प्रतिशत) रहेको देखिन्छ। त्यस्तै खुल्ला इनार तथा कुवाको पिउनेपानी प्रयोग गर्ने परिवार १६६ (२.८१ प्रतिशत), ढाकिएको इनार/कुवाको पानी प्रयोग गर्ने घरधुरी संख्या ३८ (०.६४ प्रतिशत) र त्यसैगरी मूल धारा, नदी/खोला र अन्य स्रोतबाट समेत पिउनेपानीको प्रयोग गरेको पाइएको छ। यस गाउँपालिका उल्लेख नगरिएको स्रोतहरूको प्रयोग गर्ने को संख्या ३८ (०.६४ प्रतिशत) रहेको छ। राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाका विभिन्न वडाहरूका घरधुरीहरूले प्रयोग गर्ने पिउनेपानी को विभिन्न स्रोतको विवरण तालिकामा देखाइएको छ। जसमा पिउनेपानी को मुख्य स्रोत सबै वडाहरूमा धारा/पाइपको प्रयोग गर्ने घरधुरी नै बढि रहेको पाइन्छ। जसलाई तलको स्तम्भ चित्रबाट समेत स्पष्ट पार्न सकिन्छ ।



९.६.२ शौचालयको विवरण

तालिका नं. घड : शौचालयको प्रकार

	फ्लस भएको (सार्वजनिक ढल)	फ्लस भएको (सेप्टिक ट्याङ्क)	साधारण शौचालय	शौचालय नभएको	उल्लेख नगरिएको	जम्मा
जम्मा	62	83	130	5,594	39	5,908
प्रतिशत	1.05	1.40	2.20	94.69	0.66	100

स्रोत: राष्ट्रीय जनगणना २०६८

माथिको तालिकामा नरैनापुर गाउँपालिकाको घरपरिवारले प्रयोग गर्ने शौचालयको प्रकारलाई उल्लेख गरिएको छ। यो गाउँपालिकामा साधारण शौचालय प्रयोग गर्नेको सङ्ख्या सबैभन्दा धेरै १३० (२.२० प्रतिशत) रहेको छ। दोस्रोमा फ्लस भएको (सेप्टि ट्याङ्की) आधुनिक शौचालयको प्रयोग गर्नेको संख्या ८३ (१.४० प्रतिशत) र फ्लस भएको (सार्वजनिक ढल) शौचालयको प्रयोग गर्ने परिवारको संख्या ६२ (१.०५ प्रतिशत) देखिएको छ। यसैगरी २०६८ को तथ्याङ्कअनुसार झण्डै ९५ प्रतिशत घरमा शौचालय नभएको विकराल अवस्था देखिएको छ। यसलाई तलको स्तम्भ चित्रबाट समेत स्पष्ट पार्न सकिन्छ।



९.६.३ वडागत शौचालयको संख्याको विवरण

तालिका नं. घढ : वडागत शौचालय संख्याको विवरण

वडा नं.	फ्लस भएको (सार्वजनिक ढल)	फ्लस भएको (सेप्टिक ट्याङ्क)	साधारण शौचालय	शौचालय नभएको	उल्लेख नगरिएको	जम्मा
1	7	21	1	897	8	934
2	2	11	6	811	1	831
3	14	11	1	681	2	709
4	3	14	8	827	7	859
5	26	19	50	1293	12	1,400
6	10	7	64	1085	9	1,175
जम्मा	62	83	130	5,594	39	5,908
प्रतिशत	1.05	1.40	2.20	94.69	0.66	100

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८

राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाका सबै वडाका प्रत्येक घरधुरीमा भएको शौचालयको अवस्थालाई अध्ययन गर्दा केहि घरधुरीहरू बाहेक सबैजसो वडाहरूमा शौचालय नभएको नै देखिन्छ । जसको विस्तृत विवरण माथिको तालिकामा उल्लेख गरिएको छ।

नोटः पछिल्लो राष्ट्रिय जनगणना २०६८ का अनुसार नरैनापुर गाउँपालिकाका ९४.६९ प्रतिशत घरहरूमा शौचालयको प्रयोग नभएको देखिएता पनि पछिल्लो समयमा विभिन्न संघ संस्था, नेपाल सरकारको साथै नगरिक समाजको सक्रिय पहलमा सञ्चालन भएका "एक घर एक चर्पी कार्यक्रम", "खुला दिशा मुक्त क्षेत्र कार्यक्रम" लगायत जनचेतनामुलक कार्यक्रमहरूले गाउँपालिकामा शैचालयको प्रयोग बढ्दै गएको देखिन्छ ।